# पंचायत के हो ?

.5
G

श्री ५ को सरकार,
प्रचार प्रसार मंत्रालय,
प्रचार विभाग
२०२३

प्रथमवार——३०,००० प्रति,
५(ङ)।२३-२४। घु.टो.प्र.सा.। ६
माघ २०२३

8237

मुद्रक : श्री सरस्वती प्रेस लिमिटेड, कलकत्ता-९

Art

Rs 125

# पंचायत के हो ?

नेपालमा संसदबाट चलेको प्रजातन्त्र अफाप भए पछि राष्ट्रनायक श्री ५ महाराजाधिराज महेन्द्र वीर बिक्रम शाहदेव-बाट देशलाई पंचायती व्यवस्था बक्सियो। यो एउटा नयां व्यवस्था हो।

पंचायती व्यवस्था जनताले शासनमा भाग लिने, देशलाई धनी बनाउने र अन्य देशहरूको दांजोमा पुग्नसक्ने यो तीनै कुराहरू परेका छन्। श्री ५ बाट देशलाई धनी बनाउन, समाजलाई अगाडि बढाउन र खास प्रजातन्त्र ल्याउन सबै कुराको राम्रो लेखाजोखा गरिबक्सी यो पंचायत व्यवस्थालाई बक्सेको हो।

तपाई हामी सबैले होष्ते हैंसे गरी शासनमा भाग लिए पछि मात्र खास प्रजातन्त्र पाइन्छ, खालि एक पल्ट भोट खसालेर चूप लागेर बसेर मात्र हुने होइन। देशको अवस्थाले खोजेको शासन मात्र प्रजातान्त्रिक हुन्छ र अड्छ। मुलुक हेरेर पनि प्रजातन्त्र चलाउने काइदा फरक हुन्छ। दुनियांले कति शिक्षा पाएका छन्, समाज कस्तो छ र पहिले बुढापाकाले के गरिआएका हुन् सबै कुराको हिसाबले नै प्रजातन्त्रको रूप खडा हुन्छ।

आफ्नो मुलुकको अवस्था हेरी शासन व्यवस्था चाहिने

हो तापनि हामी जस्ता साना तिना राष्ट्रहरूल अरू बाहिरका ठूला देशहरूको गतिविधि पनि बुझ्नुपर्छ ।

**पहिले भए गरेका कुराहरू**

२००७ सालको क्रान्तिले राणाहरूको एकतन्त्रे शासनलाई खत्म पाऱ्यो। उनिहरूले यस्तो शासन एकशय वर्षभन्दा बढी चलाएका थिए। स्वर्गीय श्री ५ त्रिभुवनले देशको शासन दुनियांले चाहेको जस्तो तरीकाले चलाउने घोषणा गरिबक्स्यो। अर्थात् हाम्रा आदर्श राजा त्रिभुवनले देशमा प्रजातन्त्रल्याई बक्स्यो। तर चुनाउ भने हुनपाएको थिएन। कालगतिले मौसूफको स्वर्गवास भयो। हाल श्री ५ महाराजाधिराज सरकारले बुबाज्यूकै सदिच्छा अनुसार नेपालमा प्रजातन्त्रल्याई त्यसलाई फुलाउने कुरा कायम राखिबक्स्यो। तिनताका नेपालमा थुप्रै राजनैतिक पार्टीहरू थिए। २०१६ सालमा राजाले उनिहरू सबैसंग सल्लाह लिइबक्स्यो। देशमा राजकाज सम्बन्धी मुख्य कानूनहरूलाई संविधान भनिन्छ। यस्तै संविधान अनुसार पार्लियामेण्ट अर्थात् संसद खोल्नु पर्छ भन्ने किटान भयो। पहिलो पल्ट देशमा आमचुनाव भयो। भोट गन्दा कांग्रेसले धेरै भोट पारे अनि कांग्रेसका नेतालाई प्रधान मन्त्री बनाइयो। तपाई हामी सबैले अब भने प्रजातन्त्र आयो सुख पाईने भयो भन्ने ठानेका थियौं। बाहिरका मुलुकहरूमा यस्तै खालको सरकार राम्रै चलेको थियो। त्यस उसले हामीहरूले पनि नेपालमा उहीखालको सरकार खडा गरे पछि नचल्ला भन्ने त लागेकै थिएन। तर दुइ वर्ष पुग्दा नपुग्दा चुनावबाट

यसरी आएको सरकारले वरालो लाग्ने लक्षण देखायो। शान्ति खलबलियो, पाइला पाइलामा खतरा हुन लाग्यो। राजकाज राम्रो भएन, भांडभैलो चल्न लाग्यो। अनि राजाले कसरी चुप लागी बस्ने? श्री ५ महाराजाधिराजले नै जनता जनार्दनको सुखशान्तिको लागि २०१७ साल पौष १ गते काम गर्न बसक्ने सरकारलाई खतम गरिबक्स्यो। यस्तो ठूलो कुरा पाई पछि इतिहासले पनि दर्शाउने भएकोले यसलाई २०१७ सालको ऐतिहासिक कदम भन्छन्। खास कुरो के थियो भने चुनावमा आएका पार्टिका मानिसहरू भई बनेको सरकार आफू काम गर्न पनि सकेनन् दोस्रो संसद अर्थात् पार्लियामेन्टबाट राज्य चलाउने काइदा पनि हाम्रो नेपालमा सफल हुन सकेन। यी कुराहरू श्री ५ बाट अर्को संविधान बक्संदा यसरी हुकूम भएको छ:

**"बान्छित मात्रामा शिक्षा र राजनीतिक जागृतिको कमीले र देशको इतिहास, परम्परा तथा जन आकांक्षानुकूल नभएको हुनाले संसदीय व्यवस्था उपयुक्त हुन सकेन, जनताबाट चुनिएको सरकारको स्थापना भएर पनि साधारण जनताले शासनमा आफू सम्मिलित भएको अनुभव गर्न सकेनन् देशको निमित्त संसदीय व्यवस्था को मूलभूत अनुपयुक्तताले यस्तो स्थिति उत्पन्न हुन गयो जसले गर्दा हामीबाट बि० सं० २०१७ साल पौष १ गतेको कदम उठाई बक्सनु पऱ्यो, जसको बिस्तृत कारण हामीबाट समय समयमा देशवासीहरूलाई स्पष्ट गरिसकेका छौं र हामीलाई खुशी लागेको छ कि देशमा सबै भागका जनताले सो कदमको खुला समर्थन गरेका छन्।"**

नेपालमा भए गरका कुराहरू बुझ्नसम्म सक्नेगरी पढे लेखेका मानिसहरू साह्रै नै कम छन्। यस्तो मुलुकमा यो संसद अर्थात् पार्लियामेण्टरी व्यवस्था न अगाडि भए गरेको व्यवस्था हो न उहिले बाबु बाजेले गरेका कुरा हुन्, यो जनतालाई रूचि नै नभएको व्यवस्था थियो। यसै हुनाले त जनताले चुनेर पठाएको सरकार खडा भइसके पछि पनि उनिहरूलाई पछि कसैले वास्ता नैं गरेनन्, आफ्नो त केही महत्व नै भएन, राजकाज भनेको त उनिहरूको मात्र पेवा जस्तो पो भयो। निचोडमा भन्ने हो भने यो संसदीय व्यवस्था यो मुलुकलाई काम लाग्ने थिएन। अनि सबै कुराको राम्रो महशूस गरिबक्सी श्री ५ महाराजाधिराजबाट २०१७ पौष १ गतेको कदम उठाइबक्सनु परेको हो। अनि साह्रा दुनियांले सरकारको जय जय मनाउँदै यस्तो काम नलाग्ने व्यवस्था खतम भएकोमा खुशी मनाए।

शासन भनेको आफ्नो गाउं, घर, बेसीका रैतिले चाहेको हिसाबले चलाउने कुरा हो। फलाना मुलुकमा यस्तो काइदाले राजकाज चल्छ भनेर आफ्नो मुलुकमा पनि सोही अनुसार देखाशेखी गरेर हुने होइन। राजाबाट पनि यस्तै हुकूम भएको छ, **"कसैको नक्कल गरेर होइन आफ्नो तरीकाले हामीले हाम्रो शासन व्यवस्था चलाउनु पर्दछ भनी पंचायत व्यवस्थाको प्रादुर्भाव भयो।"** अर्थात् पंचायत व्यवस्था भनेको कसैको देखाशेखी गरी ल्याएको व्यवस्था होइन, हाम्रो आफ्नै व्यवस्था हो। त्यसै कारणले अहिले नेपालमा पंचायत व्यवस्था भएको हो। श्री ५ बाट यस्तै व्याख्या गरिबक्सी फेरि हुकूम भएको छ,

**"देशमा गत २००७ सालमा श्री ५ बुबाज्यू र जनताकै सहयोगले आएको प्रजातन्त्रको सुधा-फल जनताले पाऊन्, कुनै राजनीतिक दलले प्रजातन्त्रको नाममा जनतालाई दुःख दिन नपाउन् भन्ने हेतुले हाल हाम्रो मुलुकमा हाम्रो माटो, परम्परा र संस्कृतिलाई सुहाउने हुनुको साथै बदलिएको जमानालाई समेत सुहाउने पंचायत व्यवस्थाको तर्जुमा भएको छ।"** अर्थात् स्वर्गीय श्री ५ त्रिभुवन र जनताको सहयोगबाट प्रजातन्त्र त आयो, तर बाहिरी देशको नक्कल गरिएको संसदीय व्यवस्था रहेको खण्डमा पार्टीबाजीको होहल्लमा परी दुनियां प्रजातन्त्रको सच्चा फल भने उनिहरूले भोग गर्न पाउने थिएनन्। तसर्थ यो पंचायती व्यवस्था भनेको जनताकै स्वार्थलाई ख्यालमा राखी देशको माटो, र अरू सबै परिपाटीसंग मिल्ने भएको र जमानालाई समेत सुहाउने भएकोले लागू गरिएको छ्लंङ्ग हुन्छ। मुख्य कुरा दुनियांले चाहेको र 'बहुजन हिताय' समेत भएकोले यो पंचायती व्यवस्थाद्वारा शासन चलाउंदा देशमा यसै पडिरहेका मानिस खनिज बस्तु, जंङ्गलात खेती यावत् सबै वस्तुलाई देशलाई उभो लगाउने काममा चांडो से चांडो लगाउन सकिने भएको छ शहरमा मात्र हेरेर हाम्रो देशको अबस्था चाल पाइने होइन। गाउंघरले भरिएको यो मुलुकको खास अबस्था, पहिले भए गरेका कुरा र हामीले के आट्न सक्छौं त्यो समेतको ख्याल राखी यो पंचायत व्यवस्थालाई सबैको फाइदाको लागि अंगालिएको हो।

हामी कहां संसदीय व्यवस्थालाई अन्त्य गरी पंचायती व्यवस्था ल्याउन परेको खास कारणहरू संसारका अरू मुलुक-

हरूमा भइरहेको अवस्थाबाट पनि फेला पार्न सकिन्छ। सफल शासन भनेको कुनै पनि देशमा त्यहांको दुनियांलाई धनिमानी, जान्ने सुन्ने, शिक्षित गराउनु हो फेरि, मुलुकमा मानिसहरू कति जान्ने सुन्ने, बुद्धिमान छन्, खान लाउन राम्ररी पाएका छन् छैनन्, पहिले पहिले के गरेर भोगेर आएका हुन् यी सबै कुराले शासनलाई सफल तुल्याउने या बिफल पार्ने गर्दछ। यी दुवै पक्षलाई मिलान खुवाउने खालको शासन दिगो रहन्छ। केही गरेर देशलाई नमिल्ने गरी शासन व्यवस्था रहेको छ भने त्यो बनौटी हुन्छ र, चांडै नै बैलाएर जान्छ। यो कुरा ध्रूव सत्य हो। यस्तो शासन देशमा टिक्न सक्दैन र उखेलिन्छ। मिल्ने किसिमको अर्को व्यवस्था शुरू हुन्छ। दुनियांमा यस्तो रिती चलेको छ र अरू देशको अनुभवबाट प्रमाणित भइसकेको छ। हामीहरू कै शरीरको कुरालाई लिउं भने पनि केही न चाहिने कुरा मुखमा पर्‍यो भने उल्टी हुन्छ, शरीरले नचाहेको, नरूच्ने कुराहरू बाहिर फालिन्छन्। राष्ट्रमा पनि यसै गरी मेल नखाने फेल खान्छ। पछि गएर हरेक देशमा काल परिस्थिति सुहाउंदो राजनीतिक व्यवस्था लागू हुन्छ। अब यहांनिर आएर एउटा बुझ्नु पर्ने कुरा छ। नेपालमा पंचायती व्यवस्था ठिक भए सरहको राजनीतिक व्यवस्था नआउन्जेल त्यस देशमा शासन राम्ररी चल्न सक्दैन, गडबडी भई नै रहन्छ। खास गरेर हाम्रो जस्तो उद्योग-धन्दा, खेतिपाती कम भई दुःख भोगिरहेको देशमा त आज एउटा सरकार छ त भोलि अर्को भइरहन्छ। यस्तो उथल पुथलबाट सबैलाई दुःख हुन्छ। त्यसै कारणले हामीहरूलाई ठुलो दुःख परी, देशमा गडबडी

भई हामीलाई चेत आउनेमा, श्री ५ महाराजाधिराजबाट नै देशको लक्ष यकिन गरिबक्सी त्यसलाई चांडैने प्राप्त गर्न को लागि सबै कुराको राम्ररी अध्ययन र विचार गरिबक्सेर यो पंचायती व्यवस्थाको स्थापना गरिएको छ।

एक हिसाबले हेर्ने हो भने दुनियांमा कुनै पनि शासन व्यवस्थालाई ठ्याम्मै असल या खराब भन्न गाह्रो पर्छ। कुनै पनि एक व्यवस्थाको विचार गर्दा कुन देशमा, कस्तो परिस्थितिमा भइरहेको हो त्यो सबै सोचेर मात्र त्यसको दोष र गुण खुट्याउनु पर्छ। यसै खराब या असल भन्न सकिन्न। हुन पनि, संसदीय व्यवस्था नेपालमा काम लागेन भन्दैमा अन्त सबै देशमा यो खराब नै भइरहेछ भन्ने हाम्रो भनाई होइन। तर यहाँको रैति दुनियांको परिस्थिति समाजको अवस्था, पहिले भए गरेका कुराहरू सबै हेरेर मात्र यो व्यवस्था यहाँ फाप्दै फापेन भनिएको हो। यहाँ अहिले पंचायती व्यवस्था छ। त्यो पनि यसै लागू गरिएको होइन। यो व्यवस्था कसरी काम लाग्ने भएको हो भन्ने कुरा अब हामी तिनताका अर्थात् २०१७ साल पौष १ गते भन्दा अघिको सबै कुराहरूको छलफल गरेर मात्र निरूपण गर्न सक्छौं।

## १. देशको वास्तविक स्थिति

हामी चार किसिममा छुट्याउन सक्छौं : राजनीतिक, आर्थिक, सामाजिक र भौगोलिक।

हामी नेपाली सबै आर्थिक दृष्टिले पिछडिएका छौं। देश भरीको आम्दानी जनसंख्याको हिसाबले हेर्दा हरेक व्यक्तिको

आम्दानी संसार भरी कुनै पनि देशको दांजोमा सबैभन्दा कम होला। हामी सबै खेतिपातिमा लागेका छौं। सयकडा ९५ भन्दा बढी जनता खेतीमा लागेका छन्। तर खेतीको आम्दानी भने कम छ। राम्रो पार्न चाहिने जति कुलो पैन छैनन्, अनि उब्जनि कम हुन्छ। धेर थोर उब्जेको अन्न पनि जिमिन्दार र जग्गावालाले लगिहाल्छन्। अनि त खास जमीन जोत्ने किसानहरूको अवस्था सार्‍है नै कमजोर भइहाल्यो। यिनीहरूको दुःखको कुनै सीमा नै छैन। खेतिपाति गर्दा ज्याला ज्यामी, र खेतालाहरू लगाउन साहू काढ्नै पर्‍यो। जग्गाको जो थोरै आम्दानी हुन्छ त्यसको ठूलो भाग साहू र जग्गावालालाई बुझाउनै पर्‍यो। हाम्रो आर्थिक अवस्था यस्तो छ।

फेरि पढाई लेखाईमा कुरै छैन्। एकशय जनामा जम्मा १५ जना त अक्षर चिन्हे छन्। पढे लेखेका भन्नेहरू एक मुठ्ठी मात्र छन्। फेरि ती पनि गाउं जिल्ला जाने होइनन्। शहरमा बस्न पाए पुग्यो।

यस्तो अवस्था जनताको भए पछि के पार्टि, के राजनीतिक अधिकार, के कर्तव्य। यिनीहरूले कसरी बुझ्ने। चेतना भएकै हुंदैन। अब प्रजातन्त्र भनेको नै जनताले आफ्नो हक र कर्तव्य राम्ररी नबुझी चल्ने कुरा होइन। पार्टीले के गरेका छन्, सरकारले गरेको कुरा आफ्नो हकलाई थिचो मिचो पो भयो कि वा आफूले नै गर्नु पर्ने कर्तव्य भएकोछ छैन्। यी सबै कुराको ज्ञान नै जनतामा कमी छ भने प्रजातन्त्र चल्न सक्ने त कुरा नै आएन।

फेरि कुनै ठिक बेठिक छुट्याई राय प्रकट गर्न पनि सकिदैन,

किन भने बाटोघाटो राम्रो पनि छैन न डांक व्यवस्था द्वारा छिटो खबर पाइन्छ। आफ्नो गाउं बाहेक अर्काको जिल्लामा केही भएको छ भने त्यसको यकिन वर्णन तपाईंले कसरी पाउनु हुन्छ र राय प्रकट गर्नु। डंडेलधुरामा भएको घटनाको जानकारी तेऱ्हथुमका जनताले पाउन सक्ने कुनै साधन छैन। थाहा भयो भने पनि धेरै पछि मात्र हुन्छ भने जनताको राय या लोकमत भनेको कहां पाइन्छ र? समाचार पत्रबाट पनि सबै कुरा थाह हुन सक्थ्यो, तर सबै ठाउंमा छिटो कुनै समाचार पत्र पनि पुग्दैन किन भने बाटोघाटोको कमीले गर्दा यस्तो हुन गएको हो। यस अवस्थामा नेपालमा भएका मानिसहरूको यही राय हो भनेर कसरी किट्न सकिन्छ।

अर्को कुरा तपाई गाउंमा जान्ने बुझ्ने हुनु हुन्छ भने पनि तपाईको गांउको उन्नति गर्न भने अर्कै ठाउंको मानिस आउने भयो। किन भने राजधानीबाट खटिई गएको हाकिम कारिन्दाले नै तपाईको घर गाउंमा कामकाज आदि हेर्ने गर्दथे। तपाईले आफू सामर्थ भएर केही सेवा गरौं भने पनि राजधानीमा भर्ना भई त्यसो गर्न नसक्ने हुनु भयो। फेरि राजधानीमा भर्ना भए पनि जिल्लामा खटिनु पऱ्यो, त्यो पनि आफ्नैमा। यो सबै चांजोपांजो मिल्न संभव थिएन। कुनै पनि ठाउंमा उन्नति गर्न त्यही ठाउंको मानिसले पो आनिबानी भेउपाएको हुन्छ र केही गर्न पनि सक्छ। बाहिरबाट खटिई गएको हाकिम कारिन्दाले त्यहाँका मानिसलाई थिचोमिचो गर्नु सिवाय अरू केही गर्न सक्तैनन्। र, जिल्ला, गाउंमा कुनै विकास हुंदैन्थ्यो।

सामाजिक स्थिति हेरौं भने चारजात छत्तिसवर्ण को भेद

थियो। उसले छोएको अर्कोलाई नहुने, अर्कोले छोएको उसलाई नहुने। छुताछूतको ठूलो चर्चा। त्यतिमात्र कहाँ हो र कुनै अपराध गऱ्यो भने पनि जात हेरी सजाय हुने गर्दथ्यो। अनि समाज भनेको सबै मिली एउटै हुन पर्नेमा ठूलोको नाममा हुन्थ्यो। मानिसहरू रूढिबादमा विश्वास राख्ने र छोटो छोटो कुरामा नै अलमलिई रहन्थे। कतै केही सुधार भयो भने पनि त्यसलाई असल हो भनेर भन्दैन थे।

देशको यस्तो अवस्थामा पंचायती व्यवस्थाको जरूरत कसरी भयो त भन्ने केलाउनु भन्दा अघि हाम्रो लक्ष्य कस्तो हुनुपर्छ भन्ने निरोपण गरौं। त्यसरी लक्ष्य तोके पछि त्यस लक्ष्यमा पुग्न यो व्यवस्था सान्हैनै मिल्नेछ भन्ने कुरा आफसे आफ खुलेर आउंछ।

भोट खसालेर मात्र दुनियांले चुनेको भनेर होइन, जनताको खास राय हेरेर उनीहरूलाई नै शासनमा मिलाएर राजकाज गर्नुपर्छ।

शिक्षा-दीक्षा दिंदै जनतालाई शासनमा भाग दिलाएर समाजलाई जान्ने सुन्ने र बलियो तुल्याउंदै लइजाने। अनि मात्र उनीहरूले के कस्तो गर्नुपर्छ भन्ने कुरा राम्ररी बुझ्ने भएमा आफ्नो हकको समेत ख्याल आउंछ।

त्यस्तो समाज बनाउने जहाँ कसैले कसैको थिचोमिचो गर्न न पावस्। सर्वत्र न्याय मिलोस्। अनि मात्र सबै मानिसले आफ्नो उन्नति गर्न पाउने भए। कमाई पनि गर्न पाउन् र उनीहरूको जीवन सुविस्तासंग चलोस्।

हाम्रो नेपालमा धेरै खानीहरू र जंगल आदि प्रशस्त

छन्। काम गर्ने मानिसहरूको पनि कमी छैन। यिनीहरू सबैलाई चांडोसेचांडो देशेको विकास गर्ने काममा लगाउनु पर्छ।

अहिले हामीहरूको अवस्था सार्है नाजुक छ। यस्तो अवस्थाबाट पार पाउन माथि भनेका लक्ष्यहरू चांडो प्राप्त गर्नुपर्छ। पंचायती व्यवस्थामा हामीहरूले यी सबै लक्ष्यहरू हासील गर्न सक्छौं। अरू व्यवस्था भन्दा हामीलाई यही व्यवस्थामा हाम्रो उन्नति गर्ने पाइन्छ। श्री ५ महेन्द्रबाट यी सबै कुराहरू बुझिबक्सी, देशले चाहेको यो पंचायती व्यवस्था शुरू गरिबक्स्यो। अब पंचायती व्यवस्था भनेको खास के हो त्यो पनि हेर्‍यौं। कसरी यस व्यवस्थाको शुरू हुन्छ, कुन कुन तहमा कसरी काम गरिन्छ यी सबै कुराहरूको बोध भए पछि हामीले यस व्यवस्थामा रही लक्ष्य प्राप्ति गर्न सक्ने भयौं भनी ठोकुवा गर्न सक्छौं।

**पंचायतहरूका बिभिन्न तहहरू**

यस व्यवस्थामा पंचायतहरूको चार तह हुन्छः

१. गाउं वा नगर
२. जिल्ला
३. अंचल र
४. केन्द्र (राष्ट्रिय पंचायत)

हरेक तहमा पंचहरूलाई चुन्ने, बजेट पास गर्ने र अरू कुराहरूको छलफल गर्ने एक एक सभा हुन्छन् र चुनिएका पंचहरू मिलेर बनेको पंचायत अर्थात् काम गर्ने कार्यकारिणी भनिन्छ।

१. गाउं पंचायत र नगर पंचायत :

यस व्यवस्थामा सबैभन्दा तल्लो तर मुख्य तह गाउं सभा हुन्छ । एउटा गाउं अथवा एक भन्दा बढी गाउंहरूलाई मिलाई सरकारले नै एउटा गाउं सभा भनी तोकी दिन्छ। यसरी इलाका मिलाउंदा बाटो घाटो मिल्ने, जनसंख्या चाहिने जति भएको नभएको सबै हेरी मिलाइन्छ। जरूरत परेमा गाउं सभाको इलाकामा श्री ५ को सरकारले थपघट गर्नसक्छ। अहिलेलाई एक गाउं सभाको इलाका भित्र २००० देखि ३००० सम्मको जनसंख्या पर्दछ। सालाखाला एक गाउं सभामा २५०० जनसंख्या भएको र नेपालमा जम्मा ३,५३३ गाउं सभाहरू नागरिकहरू मात्र गाउं सभाका सदस्य हुने भएकोले हरेक गाउं सभामा सालाखाला २५०० जनसंख्या भए तापनि खास सदस्यहरू त १२५० जति छन् ।

अब हरेक गाउं सभामा दिनहुं कामकाज गर्ने र ८ जना सदस्य भएको एउटा पंचायत अर्थात् कार्यकारिणीलाई चुन्दछ । ग्राम सभाले चुनेको पंचायतलाई गाउं पंचायत भन्दछन् गाउं पंचायतका सदस्यहरूको चुनाव गर्दा अरूले थाहा नपाउने किसिमसंग भोट दिन पाइन्छ। तर पहिलो पटक चुनाव हुंदा भने हात उठाएर भएको थियो । गाउं पंचायतका सदस्यहरूले आफूमध्ये एउटालाई प्रधान पंच र एउटालाई उप-प्रधान पंच चुन्दछन् । गाउं सभामा गर्नु पर्ने सबै काम दिनहुं यही पंचायतले गर्दछ। यसको चुनाव गर्दा गाउं सभालाई ९ वडामा भाग लगाएर १४० जति जनसंख्या भएको हरेक वडाबाट एक सदस्यलाई गाउं सभाका १२५० सदस्य सबैले चुन्दछन् ।

यसले गर्दा ग्राम पंचायतमा उठेका सदस्यलाई हरेक वडाका ती थोरै जनताले राम्ररी चिन्ने भए, दोस्रो व्यक्तिले गाउं र देशको सांच्चिनै भलो गर्न सक्छ सक्तैन भन्ने कुराको पनि निरूपण गरेर मात्र उसलाई आफ्नो प्रतिनिधि रोज्ने भए। यसरी यो खास रैतिले चाहेको मानिस चुनावमा पंच भई आउन पाउने भयो। अब मुख्य कुरा के छ भने एकफेरा, प्रतिनिधि रोजे पछि पनि ती वडाका सदस्यहरूसंग त्यो प्रतिनिधि अर्थात् पंचायतको सदस्यको बराबर भेटघाट भइरहने हुन्छ। त्यति मात्र होइन उसले पंचायतमा गएर गरेका कामहरू छर्लङ्ग आफ्नै आंखा अगाडि देख्ने भएकोले पनि कहीं ठीक काम नभएको भए यसरी गर्नुहोस् भनी ती जनताले नै सल्लाह समेत दिन पाउने भए। अनि हरेक गाउं सभामा २१ वर्ष पुगेका सबै नेपाली नागरिकले गाउंको शासन र विकासमा आफैले काम गरेको अनुभव समेत गर्न पाउने भई जनताको नै राज्य भन्ने उक्तिको चरितार्थ हुने हुन्छ।

पंचहरूको अवधि ६ वर्षको हुन्छ। एकफेरा चुनिए पछि अर्को ६ वर्ष पछि मात्र सबैको चुनाव गराउंदा नयां आउने पंचहरू अनुभव नभएका पनि हुन सक्ने हुनाले उनीहरूले कामको मेलो नपाउने भए। त्यस कारणले पहिलो पटक चुनिएका पंचहरू एकै चोटी सबै बाहिर आउंदा पंचायतमा खाली पनि पर्न जाने र नयां आउने पंचहरूलाई भइराखेको काम सबै अनुभव पनि होस् भन्ने बिचारले समेत ३ जनाको कार्यकाल ६ वर्षको, ३ जनाको ४ वर्षको र बांकी ३ जनाको ६ वर्षको राखिएको छ। अर्थात् चुनावको पक्षहरूको लागि

मात्र चुनाव भई तिनीहरू काम गर्न थाल्छन्। अब कुन् चाहिं पंचहरू २ वर्षमा बाहिर आउने कुन ४ वर्षमा र कुन् ६ वर्षमा भन्ने कुराको निधो भने प्रधान पंचले गोला हाली गर्दछन्।

चुनिएका पंचहरूले काम गर्न नसकेमा प्रधान पंच, उप-प्रधान पंच र अरू पंचहरूलाई समेत गाउं सभाका सदस्यहरूले र जिल्ला पंचायतले हटाउन सक्छ। गाउं सभाका सदस्य-हरूलाई तीन खण्ड पारी त्यसको दुइ खण्डको बहुमत रायले प्रस्ताव पास गरी हटाउन सकिन्छ। जिल्ला पंचायतले भने काम गर्न नसक्ने वा खराब चालचलन छ भनी दोष लगाएर गाउं पंचायतका कुनै पनि सदस्यलाई हटाउन सक्छ।

गाउं पंचायतमा जालिफटाहाहरू पुग्न सक्दछन् सक्तैनन् पनि हेरौं। तल बयान गरिएका व्यक्तिहरू गाउं पंचायतका सदस्य हुन पाउंदैनन्:

(१) सरकारी कर्मचारी, (२) गाउं सभाको तलबी कर्मचारी, (३) गाउं सभालाई तिर्नु पर्ने रकम दस्तूर इत्यादि नबुझाई बांकी राख्ने, (४) चालचलन, चरित्र खराब छ भनी दोषी सावित भएका।

यसबाट गाउं पंचायतमा कुनै जालि फटाहाहरूको केही लाग्दो रहेनछ भन्ने हामीलाई खुल्दछ।

अघि भनी सक्यौं गाउं पंचायत भनेको गाउं सभाको कार्यकारिणी हो, यसले गाउं सभामा पर्ने कामकाजहरू दिनहुं गर्छ। अब ती कामकाजहरू के हुन् त भने गाउं पंचायत भित्रको बाटो बनाउने, आफ्नो गाउं पंचायतबाट अर्को गाउं

पंचायतसम्म जाने बाटो बनाउने, सानोतिनो सांगु, पुल इत्यादि बनाउने, बाटोको दुवैपट्टि रूख लगाउने, गाउं सभाभित्र सफा सुग्घर सफाई राख्ने र त्यस बारे सबैमा बोध गराउन प्रचार गर्ने, सरूवा रोग व्याध चलेमा त्यसको रोक-थामको उपाय गर्ने। गाउंमा स्कूल खोली गाउंका केटाकेटी-हरूलाई पढाई गराउने र इनार, धारा पोखरी, अनि गाउं भित्र बांध पैन कुलो नहर इत्यादिको प्रबन्ध गर्ने घरेलु उद्योग सिकाउने र प्रचार गर्ने, हाट बजार लगाउने, असल मल, बिऊ र ज्यावल ल्याएर खेती गर्ने तरीकामा सुधार गर्ने र बढी अन्न उब्जाउने आदि कामहरू गर्छन् गाउं पंचायतले खास गरेर यस्ता कामहरू गर्छन् जुन आफ्नै गाउंहरूको मद्दतबाट टुंङ्गयाउन सकिन्छ। गाउँ पंचायतहरूलाई ठूला ठूला कामहरू गर्न अलि मिल्दैन। भनौ, बिजुली निकाल्ने संभावन। यसलाई धेरै पढे लेखेका मानिसहरू र ठूला ठूला कलपुर्जा बाहिरबाट नल्याई हुंदैन। त्यस उसले आफ्नै गाउंको मद्दतबाट गर्न सकिने कामहरू मात्र गाउं पंचायतले गर्ने गरेको हो। दुइ तीन गाउं सम्बन्धी ठूला खालका कामहरू भने जिल्ला पंचायतले गर्छ।

यी सबै कामहरू गर्नको लागि खर्च चाहिन्छ। सो खर्च आफ्नो गाउं सभाबाट करको रूपमा उठाउन पाइन्छ। गाउं सभाका जनताले कतिसम्म कर तिर्ने भन्ने हकमा त्यहाँका मानिसहरूले जग्गा कमाए बापत श्री ५ को सरकारलाई बुझाउनु पर्ने मालपोत वा भूमिकरको सयकडा १० सम्म कर तिर्नुपर्ने हुन्छ। मालपोत वा भूमिकर चांहि श्री ५ को

सरकारमा दाखिल हुने भयो तर उठाइएको कर भने गाउं सभाको विकासको लागि नै खर्च हुन्छ।

गाउं पंचायतले यसो गर्नु भनी श्री ५ को सरकारले नियम बनाई दिएको हुन्छ। त्यस नियम बनाई दिए अनुसार कुनै व्यापार जस्तो भट्टी अथवा पेशा अथवा सवारीमा कर वा दस्तूर उठाउन सकिन्छ। यसो मेला लागेको बखतमा पनि यति दस्तूर तिर्नु पर्छ भन्ने र बजार हाट अथवा बस्तुभाउ खरीद बिक्री गर्दा पनि कर उठाई सो रकमले गाउंको विकास र उन्नति गर्नुपर्छ। अर्थात् कसैलाई उत्तिको मर्का नपर्ने किसिमसंग दस्तूर उठाएर गाउंको सुधार गर्नुपर्छ।

हरेक गाउं पंचायतले यौटा ढुकुटी पनि राखेको हुन्छ। यस ढुकुटीमा कर दस्तुरबाट उठेको रकम, श्री ५ को सरकारले यति फलानो गाउं पंचायतलाई खर्च गर्नु भनि दिएको सहायता को रकम, गाउं सभाले दिएको सापट, कर्जाको रकम, चल अचल सम्पत्तिबाट उठेको आम्दानी खर्च चन्दा स्वरूप आएको रकम, दान दातव्य इत्यादि सबै रकमहरू जम्मा हुन्छ। गाउं सभाले यस ढुकुटीको पूरा हिफाजत साथ हिसाब किताब दुरूस्त राख्न लगाउने बन्दोबस्त मिलाउनु पर्छ।

वर्षको एक चोटी गाउं पंचायतले आम्दानी खर्चको फांटवारी गाउं सभामा पेश गर्नुपर्छ। आगे साल कति आम्दानी हुने हो र खर्च कति होला त्यसको अन्दाज गरी गाउं सभाले त्यसो गर्नु भनि इजाजत दिए पछि वर्षै भरी पंचायतले आम्दानी खर्चको चांजो पांजो मिलाउंछ। अर्थात्, अङ्क तोकिए पछि आम्दानी खर्चको चलन व्यवहार गाउं पंचायतले गर्छ। गाउं

सभाको बैठक हरेक वर्ष कमसेकम २ पटक बस्नै पर्छ। जरूरत पऱ्यो भने २ पटक भन्दा बढी बसे पनि हुन्छ। तर हिंउदे बाली पछि एक पटक र वर्षे बाली पछि एक पटक गरी जम्मा दुइ पटक चांहि बस्नैपर्छ।

प्रधान पंचले नै गाउं सभा वा गाउं पंचायतको सभापति भई मिटिंङ चलाउंछ। पंचहरू पनि सबै दिनहुं पंचायत अफिस आई कागजपत्र हेर्न आफ्ना आफ्ना काम विशेषले नमिल्ने हुंदा एउटा गाउं सेवक अर्थात् सचिवको भर्ना पंचायतले नै गर्न पाउने व्यवस्था श्री ५ को सरकारले दिएको छ। यसरी तलव खान्गी पाई भर्ना हुने गाउं सेवकले दिनुहुं पंचायत अफिसमा हाजिरी भई कागज पत्र हेर्ने र हिसाब, किताब ठिक राख्ने काम गर्छ।

गाउं तिरलाई गाउं सभा र गाउं पंचायत भन्दछन् शहर तिरको पंचायतलाई भने नगर पंचायत भन्दछन्। शहरमा जन संख्या धेरै हुने हुनाले नगर पंचायतका सदस्यहरूको संख्या ९ देखि ३३ सम्म हुन्छ। नगर पंचायतका सदस्यहरूको चुनाव भइसके पछि उनीहरूले आफू मध्ये प्रधान पंच र उप-प्रधान पंच चुन्छन्।

नगर पंचायतको ऐन हुन्छ। त्यस ऐनले दिएका हक र कर्तव्य भित्र शहरको उन्नति र सुधार गर्ने कामहरू गर्छन्। हाल देश भरमा १४ नगर पंचायतहरू छन्।

## २. जिल्ला पंचायत :

पंचायती व्यवस्थाको चार तह मध्ये दोस्रो तह जिल्ला पंचायत हो। यसको क्षेत्र ठूलो हुन्छ। किन भने धेरै गाउं

पंचायतहरू मिलि एक जिल्ला पंचायत बन्छ। एउटा गाउं पंचायतको सम्बन्ध अर्को गाउं पंचायतसंग राम्रो रहेको छ छैन, जिल्लाले अन्हाएको कामहरू गाउँ पंचायतले गरेको छ छैन इत्यादि सबै रेखदेख यसले गर्छ। फेरि अर्को कुरा, विकासका योजनाहरू ठूला ठूला हुन्छन्। एक जिल्ला भरी परेको हुन्छ। त्यसैले जिल्लामा धेरै जसो विकासका कामहरू नै पर्छन्। जिल्ला पंचायत विकासका कामहरू गर्न त्यसको रेखदेख गर्न अगाडि सर्छ। त्यसैले जिल्ला पंचायतलाई महत्वपूर्ण भनिन्छ।

अब जिल्ला पंचायत कसरी बन्छ त्यो हेरौं। एउटा जिल्ला भित्र धेरै गाउं पंचायतहरू पर्छन्। केही नगर पंचायत पनि पर्छन्। जिल्ला पंचायत भनेको जिल्ला सभाले चुनेका मानिसहरूबाट बन्छ। मुख्य, जिल्ला सभा कसरी बन्छ भन्ने पहिले हेर्नु पर्‍यो। त हरेक गाउं पंचायतले एक एक जना सदस्यहरू छानी जिल्ला सभामा पठाउंछन्। अर्थात् जिल्ला सभा भनेको यसरी गाउं पंचायत र नगर पंचायतका सदस्यहरू मिली बनेको संस्था हो। यस सभामा कम्तिमा २० सदस्यहरू रहन्छन्। केही गरी कुनै जिल्ला भित्र गाउं र नगर पंचायत गरी २० बटा रहेनछन् भने नपुग सदस्यहरू श्री ५ को सरकारले चाहेको व्यक्तिले पूरा हुन्छ। यिनीहरू सरकारले खारिज नगरेसम्म बहाली रहन्छन्, तर यिनीहरूको हक र कर्तव्य भने अरू चुनिएका सदस्य सरह हुन्छ। यसरी जिल्ला सभाको गठन हुन्छ।

अनि ११ जना सदस्यहरूको एउटा जिल्ला पंचायत गठन हुन्छ। पहिले सभापति र उप-सभापतिको चुनाव हुन्छ।

अनि मात्र जिल्ला पंचायतका सदस्यहरूको चुनाव हुन्छ। गाउं पंचायतको चांहि पहिले सदस्यहरूको चुनाव हुन्थ्यो। किन भने यिनीहरूलाई ९ वडाबाट चुनिन्थे अब जिल्ला स्तरमा आएर वडा नहुने भएकोले पहिले सभापति र उप-सभापतिको अनि सदस्यहरूको चुनाव हुन्छ। जिल्ला पंचायतका सभापति र उप-सभापति जिल्ला सभाका पनि सभापति र उप-सभापति हुन्छन्।

जिल्ला सभाले तल बयान गरेका कामहरू गर्छन् :

१. जिल्ला पंचायतले वर्ष भरी भएको आम्दानी खर्चको फांटवारी तयार पारेको हुन्छ। त्यसलाई जिल्ला सभामा छलफल गरी जांचबुझ गर्छ।
२. आगे साललाई कति आम्दानी हुन्छ भनी अनुमान गरिएको हो र कति कुन कुन काममा खर्च गर्नु पर्छ त्यसको आम्दानी खर्चको अनुमान माथि छलफल गरी ठीक बेठिक के छ त्यसको निरोपण गर्छ। पछि, अरू थप-घट गर्नुपरे पनि त्यस्तो थप-घट गरेको लगत माथि विचार गर्छ।
३. जिल्ला भित्र कुनै पनि ठूला ठूला काम हुन लागेको छ भने जिल्ला पंचायतले त्यसको योजनाहरू बनाई जिल्ला सभामा पेश गर्छ। त्यस्तो जिल्ला विकास हुने योजनाहरूमाथि छलफल गर्छ र त्यस्तो काम गर्न उचित छ छैन निर्णय गर्छ।
४. फेरि वर्ष दिन भित्रमा जिल्ला पंचायतले के के काम गर्‍यो, जिल्लामा कति प्रगति भयो

त्यस्तो रिपोर्ट माथि जिल्लासभाले छलफल गर्छ।

५. जिल्ला भित्र कति कर, दस्तुर, फी लगाउने हो त्यस कुराको पनि निरोपण गर्छ। श्री ५ को सरकारले ऐन बनाई दिएको हुन्छ। त्यस ऐन भित्र रहेर मात्र करको दर, रेट कायम गर्नुपर्छ।

जिल्ला सभाको बैठक वर्षमा कमसेकम २ पटक गर्नु पर्छ। एक पटक वर्षे बाली पछि र अर्को पटक हिउंदे बालीको चांजो पांजो मिलाई सके पछि। तर एउटा सभापछि छ महीना न नघाई अर्को सभा बोलाउनु पर्छ। बैठक बोलाउने काम सभा-पतिले गर्छ। जिल्ला पंचायतले बैठक बोलाउने सल्लाह दिन्छ। तर बीचमा आउने कुनै खास विषयमा छलफल गर्नेको लागि सदस्यहरूले जिल्ला सभाको बैठक बोलाउन चाहेमा सयकडा २० वा बढी सदस्यहरूले सो कारण खुलाई माग गर्नु पर्छ। त्यसो भएमा सभापतिले ३० दिन भित्र बैठक बोलाउनु पर्छ।

जिल्ला पंचायतको सभापति र उप-सभापतिलाई जिल्ला सभाले नै चुन्छन्। यिनीहरू २ वर्षको लागि काम गर्छन् अरू ९ सदस्यहरू चाहिं ६ वर्षको लागि काम गर्छन्। तर पंचायती व्यवस्था शुरू भए पछि पहिलो पटक चुनिएको सदस्यहरू मध्ये ३ जना २ वर्षको लागि अर्को ३ जना ४ वर्षको लागि र बांकी ३ जना ६ वर्षको लागि काम गर्दछन्। यसरी काम गर्नेहरू गोला प्रथाबाट छुट्याइन्छन्। यसबाट के थाह हुन्छ भने ६ वर्ष पछिको अर्को चुनावमा ९ जनाले नै एकै पटक

काम छोड्दा पंचायतको काम चलाई राख्न अप्ठ्यारो पर्न आउंछ। त्यसैले हरेक २ वर्षमा ३ जना बाहिर जाने र अर्को थरीचुनाव गरी भित्र आउने गर्छन्। यसबाट पंचायतको काम पनि चलिराख्ने भयो र सबै सदस्यहरू नयां पनि हुने भएनन्।

अब जिल्ला पंचायतका सदस्य, सभापति र उप-सभापति खारीज गर्न परेमा जिल्ला सभाका सदस्यहरूले सो गर्न सक्छन्। तरीका के छ भने जिल्ला सभाका सदस्यहरूको ३ खण्डको २ खण्डले मिली हामीहरूलाई तिम्रा काम प्रति बिश्वास भएन भनेका पक्षमा उनीहरू खारीज हुन्छन्। तर चुनावबाट आएको ६ महीना नभई त्यसो गर्न पनि पाइँदैन र एक फेरा उठाएको प्रस्ताव पास भएन भने अर्को ६ महीना नभई फेरि अबिश्वास को प्रस्ताव ल्याउन पाइँदैन।

जिल्ला पंचायतले गर्ने कामहरू यस खालका छन्:

१. जिल्लाको लागि श्री ५ को सरकारले बनाएको जिल्ला विकास हुने योजनाहरूलाई काममा ल्याउने।
२. जिल्लामा साना साना केटाकेटी र मझ्यौला लडका लडकीको लागि पढ्न स्कूलको प्रबन्ध गर्ने। यसको लागि श्री ५ को सरकारले पनि नियम बनाएको हुन्छ र साथै कस्तो किसिमको शिक्षा दिने भनि नीति पनि बनाएको हुन्छ यी दुवै कुराहरूको हेक्का राखी आफ्नो जिल्लामा पंचायत हरूले नै शिक्षा दीक्षाको बन्दोबस्त गर्ने।

३. जिल्लामा पर्ने अरू कामहरू जस्तो :

कृषि सुधार :—हामीहरूको खेतिपाती गर्ने तरीका पुरानो किसिमको छ। त्यसैले अन्नको उब्जनी उति राम्रो छैन्। अब जिल्ला पंचायतले यो खेतिपाती गर्ने तरीकामा सुधार ल्याई उब्जनी बढाउने।

पशु पालन गर्ने। ठूला गोठहरूको बन्दोबस्त गर्ने भेडा पाली ऊन निकाल्ने र ठाउं हेरी जिल्लालाई पुग्ने गरी पशुपालन गर्ने।

घरेलु उद्योगको विकास :—खेती बन्द भएको बेलामा आफ्नै घर आंगनमा बसी सानातिना बस्तुहरू बनाउने। आफूलाई चाहिने लुगा कपडा बुन्ने इत्यादि कुराको गाउं पंचायतले निकासा गराउने।

स्वास्थ्य सुधार :—निरोगी भनेका पनि उत्तिको मोटा घाटा छैनन्। त्यसैले जिल्लाका जनताको कसरी स्वास्थ्य सुध्रिन्छ, उनीहरू रोग व्याधबाट कसरी मुक्त हुन्छन् यो सबै कुराको प्रबन्ध गर्ने औषधि उपचार प्रबन्ध गर्ने। रोगको रोकथाम गर्ने जस्तो बिफर, हैजा जस्ता रोगलाई बेलैमा भ्याक्सीन दिएर रोक्न सकिन्छ। सडक, पुल, इनार, पोखरी, बांध, पैन इत्यादि बनाउने। जे कुरा पनि मिलेर गर्दा दुनियांलाई सुबिस्ता पनि हुन्छ, त्यसरी मिलेर व्यापार वा खेतिपाती गर्नेहरूलाई पनि फाइदा हुन्छ। यस कुरालाई सहकारीता भन्दछन्।

हो, यस्तै सहकारीतालाई कसरी जिल्लामा बढाउंदै लैजाने हो सो गर्ने ।

४. एक जिल्ला भित्र धेरै गाउं पंचायत र केही नगर पंचायत हुन्छन् । यी पंचायतहरूले काम गरेका छन् छैनन्, पंचायत अफिसहरू कसरी चलेका छन् यिनीहरूको रेखदेख गरी जांच पडताल गर्ने ।

५. अनि श्री ५ को सरकारले अरू कुनै काम सुम्पिएको छ भने त्यसलाई पनि राम्रोसंग गर्ने ।

जिल्ला पंचायतले आफूले गर्नुपर्ने कामहरू अरूहरूलाई गर्नु भनी अह्राउन सक्छ । पंचायतका सदस्यहरू मिलाई कुनै समिति बनाउन सक्छ, कुनै उप-समिति बनाउन सक्छ अनि यस्तो समितिलाई जिल्ला पंचायतले गर्नु पर्ने कर्तव्य सबै गर्नु भन्न सक्छ । फेरि सभापति, उप-सभापति अथवा कुनै सदस्यहरू-लाई नै पनि काम सुम्पन सक्छ । कुनै पनि जिल्ला पंचायतको कर्मचारीलाई काम गर्ने अख्तियार दिनसक्छ ।

जिल्ला सभापतिले आफूले गर्नु पर्ने कामहरू उप-सभापति, सचिव वा अरू कुनै अफिसरलाई बुझाउन सक्छ । सभापतिले जिल्ला पंचायत र जिल्ला सभाको बैठक बोलाउंछ । यस्तो कुनै पनि मिटिंगमा उ सभापति हुन्छ । सभा बैठकमा छलफल गरेर यसो गर्ने उसो गर्ने भनेर प्रस्ताव पास हुन्छ । त्यसरी पास गरेको प्रस्तावबमोजिम काम गराउनु पर्छ । जिल्ला पंचायतको ठिक बेठीक के कसो छ इत्यादि सबै काम हेर्नुपर्छ । फेरि जिल्ला पंचायतको मातहतमा चल अचल सम्पत्ति जे जति छ त्यसको लेखाजोखा र बर बन्दोबस्त गर्नुपर्छ ।

जिल्ला पंचायतको सचिवलाई सरकारले नै भर्ना गर्छ। यस्तो सचिव हरेक जिल्ला पंचायतमा हुन्छ। तर सचिवले पनि गह्किला कामहरू गर्नुपर्ने भएकोले श्री ५ को सरकारका अरू कर्मचारी पनि उनको अफिसमा मद्दतको लागि भर्ना गरिएको हुन्छ। सचिवले जिल्ला पंचायतका सभापतिको मातहतमा रही काम गर्नुपर्छ। यिनीले मुख्य जिल्लामा कसरी उन्नति हुन्छ भन्ने तर्फ पंचायतलाई सर सल्लाह दिनुपर्छ। जिल्ला सभा र पंचायतमा भएका छलफल र निर्णयको टिप्पणी राखी सोहीअनुसार काम गर्ने गराउने गर्छन्। सिंहदरबार सचिवालयमा पंचायत विकास अधिकारी भई काम गरिरहेका अफिसरहरूलाई जिल्ला पंचायतको सचिवमा खटाइएको छ।

अघिनै भनि सक्यौं, जिल्ला पंचायतको ठूलो महत्व विकासका कामहरू नै गर्नु हो। किनभने, विकासका योजनाहरू खासगरेर जिल्ला व्यापी हुन्छन्। त्यसैले श्री ५ को सरकार भित्र नै काम गरिरहेका कर्मचारीलाई पनि जिल्ला पंचायतमा सरूवा गराई विकासको कामहरू गराउने बन्दोबस्त हुँदैछ। काम गर्नेहरूको अरू दरकार परेमा जिल्ला पंचायतले पनि सरकारले मन्जूरी गरेको दरबन्दीमा आफ्नै ढुकुटीबाट तलब दिनेगरी भर्ना गर्नेछ। यसरी जिल्ला पंचायतलाई नै ठूलो महत्वको बनाउने काम भइरहेको छ।

### ३. अंचल पंचायत

अब तेस्रो खुट्किलामा जाऔं। यसलाई अंचल पंचायत

भन्दछन् । यस पंचायतमा पनि एउटा साधारण सभा र एउटा कार्यकारिणी सभा हुन्छ। यिनीहरूलाई खास गरेर अंचल सभा र अंचल पंचायत भन्दछन्।

जिल्ला माथिको अंचल भएकोले जिल्ला पंचायतका सदस्यहरू मिलेर अंचल सभा बन्छ। एक अंचलमा धेरै जिल्ला-हरू हुन्छन् । अंचल सभामा त्यस अंचल भित्र पर्ने हरेक जिल्ला-बाट कमसेकम एक जना प्रतिनिधि चुनिएर जानुपर्छ। अंचलमाथिको राष्ट्रिय पंचायत हुन्छ। हरेक अंचलबाट यति जना प्रतिनिधि राष्ट्रिय पंचायतमा जाने भन्ने नेपालको संविधानमा तोकिएको हुन्छ। त्यसरी जति जना आफ्नो अंचलबाट जाने हो त्यो पनि अंचल सभाले नै चुनाव गरेर पठाउंछ। यस अंचल पंचायतमा जिल्ला पंचायत भन्दा दुइ मुख्य नयां कुराहरू देखिन्छ। एक, अंचल भित्रका जिल्लाबाट कम्तिमा एक प्रतिनिधि हरेक जिल्लाबाट अंचल सभामा पुग्ने र दोस्रो अंचल सभाले नै राष्ट्रिय पंचायतको लागि पनि सदस्य रोज्ने। अब रह्यो अंचल पंचायतकै सभापति, उप-सभापति र सदस्यहरू रोज्ने बारे। यसमा गाउं पंचायतको जस्तै हुन्छ, फरक केही छैन्। सभापति र उप-सभापति सोझै अंचल सभाका सदस्यहरूले पहिले रोज्छन्। अनि, यिनै सभापति-हरूको मातहतमा रही अरू ९ जना सदस्यहरूको चुनाव हुन्छ।

यिनीहरूको काम गर्ने अवधि पनि २ र ६ वर्षको हुन्छ। यसले गर्दा काममा बाधा पनि नपर्ने र सबै पंचहरूले अनुभव पनि पाउनेहुन्छ। उही गोला प्रथाद्वारा को २ वर्षपछि

बाहिर जाने भन्ने कुराको टुङ्गो लगाइन्छ। अंचल पंचायतको मुख्य काम जिल्ला पंचायतले गरेका कामको रेख देख गर्नु, के कति गरे त्यसको लेखाजोखा गर्नु। फेरि जिल्ला पंचायतको आफसमा के कसो राय मतो मिल्छ मिल्दैन सो हेरी मेलमिलाप गराउनुपर्छ। आफ्नो अंचल विकास गर्न ठूला ठूला योजना बनाउनु पर्छ। श्री ५ को सरकारले पनि सो अंचलमा गरेका विकासका योजनाहरूलाई मानिसमा बोध गराई लागु गराउनु पर्छ।

आम्दानीको हकमा जिल्ला पंचायतले के कसो गरी आम्दानी गरेका छन् त्यसको सयकडा १० कर उठाइ अंचल पंचायतले लिन सक्छ। अर्को बाटो, आफ्नो अंचल भित्र कुनै योजना लागु भएको छ भने त्यसबाट कुनै खास क्षेत्रमा अरू ठाउंको भन्दा वढी फाइदा भएको छ भने त्यस्तो फाइदा भए बापत त्यस ठाउंका जनताबाट केही दस्तुर पनि उठाउन सक्नेछ। भनौं, अंचलभित्र कतै ठूलो, राम्रो पार्क बन्यो। अब त्यहाँ आसपासका जनतालाई पार्कको मजा पनि हुने भयो र उनीहरूको घरको रौनक बढ्ने भई मोल पनि बढ्ने हुन्छ। यस अवस्थामा ती घरवालाहरूले केही दस्तूर जिल्ला पंचायतलाई दिनुपर्छ। यसलाई विशेष कर वा दस्तुर भन्छन्।

अरू काम गर्ने तरीका र कामहरू भने यस अंचल पंचायतको पनि जिल्ला पंचायत सरह नै हुन्छ। सचिव श्री ५ को सरकारले भर्ना गर्छ। हाल जिल्ला पंचायतमा सचिव काम गर्न जिल्ला निर्देशक अधिकारीहरूलाई खटाइएको छ।

## ४. राष्ट्रिय पंचायत

अब आउंछ चौथो र सबभन्दा माथिल्लो खुट्किलो। यसलाई राष्ट्रिय पंचायत भन्छन्। यो राष्ट्रको नै पंचायत भएकोले यसमा सबै खालका चुनिई आएका सदस्यहरू हुन्छन्। सदस्यहरूको संख्या १२५ जवान हुन्छ। राष्ट्रिय पंचायतमा ती सबै सदस्यहरूको बांड-फांड यसरी भएको हुन्छ।

| | |
|---|---|
| अंचल सभाहरूले चुनी पठाएका | ९० सदस्यहरू |
| विद्यार्थी, मजदूर, किसान आदि बर्गीय र व्यवसायिक संगठनहरूले आफ्नो आफ्नो संस्थाबाट चुनी पठाएका | १५ ,, |
| संस्कृतिमा शास्त्री वा माथि पढेका र अंग्रेजीमा बी. ए. माथि पढेका-हरूबाट चुनिएका | ४ ,, |
| श्री ५ महाराजाधिराज सरकारले नै भर्ना गरिबक्सने | १६ ,, |
| जम्मा | १२५ सदस्यहरू |

राष्ट्रिय पंचायत भनेको देशको व्यवस्था मिलाउने संस्था हो। श्री ५ महाराजाधिराज सरकारबाट ऐन बनाई बक्सिन्छ। त्यो ऐन बन्नु भन्दा अगाडि यसको मस्यौदा राष्ट्रिय पंचायतले बनाउंछ। देश भरीको आम्दानी खर्च कति छ त्यसको हर हिसाब सबै राष्ट्रिय पंचायतमा छलफल भई पास हुन्छ। फेरि ठूला ठूला योजनाहरू बन्छन्। विकास योजनाहरू बिना देश

अगाडि बढ्न सक्तैन। त्यसैले राष्ट्रिय पंचायतले त्यस्ता योजनाहरू माथि छलफल गरी पास गर्छ। फेरि राष्ट्रिय पंचायतको सभा हुंदा त्यस अघि पनि देशमा काम भइरहेको नै हुन्छ। ती कामहरू कसरी भएका छन्, उन्नति भयो भएन, जनतालाई सुबिधा के कति भएको छ यी सबै कुराहरू पनि हेर बिचार गरी छलफल गर्छ। अर्थात्, राष्ट्रिय पंचायतले श्री ५ को सरकारको नीति बारे छलफल गर्छ। जस्तो कि चामलका व्यापारी सबैले आफ्नै दर रेटमा चामल बेच्दा दुनियांलाई सस्तो पर्छ कि सरकारले नै कण्ट्रोल गर्नुपर्छ भन्ने कुराको नीति राष्ट्रिय पंचायतमा छलफल हुन्छ। यस्तै अरू अरू कुरामा पनि सरकारको नीति कस्तो हुनुपर्छ भन्ने कुरा राष्ट्रिय पंचायतले नै निधो गर्छ। राष्ट्रिय पंचायतमा भने देशब्यापी ठूला कुराहरूमा छलफल र निर्णय हुन्छ।

अब ऐन कानून कसरी बन्छ त्यो पनि हेरौं। हामीले पहिले भन्यौं, देशमा यौटा संबिधान हुन्छ। अर्थात यसमा सबै कुराको मोटा मोटी हक र अधिकारहरू खुटयाइएको हुन्छ। जस्तो नागरिक हक भनेको के हो। न्यायपालिका अर्थात न्यायालयहरू कुन कुन कुराहरू हेर्न सक्छन् आदि आदि। त्यही संबिधानमा देशको ऐन कानून बखत बखतमा कसरी बन्छ भन्ने कुराको पनि निरोपण गरिएको हुन्छ।

ऐनको मस्यौदा श्री ५ को सरकारका मन्त्रालयहरुले गर्छन् तर श्री ५ महाराजाधिराजका हजूरमा त्यस्ता मस्यौदा ठाडै पेश गराउन पाईंदैन। पहिले त्यसलाई राष्ट्रिय पंचायतमा ल्याउनु पर्छ। सदस्यहरूले त्यस मस्यौदामाथि छलफल गर्छन्,

अनि थप घट के कसो बोली मिलाउनु पर्छ सो गरी श्री ५ महाराजाधिराजका हजूरमा ऐन बन्नको लागि सो मस्यौदा चढाउंछन्। मौसूफ सरकारबाट त्यो मस्यौदामा लालमोहरको छाप बक्से पछि त्यो ऐन, कानून हुन्छ। अनि सबै दुनियां, जज वकिलले त्यसलाई मान्नु पर्छ।

तर राष्ट्रिय पंचायतले यसरी चढाएको मस्यौदालाई लाल-मोहर बक्सन चाहिबक्सेन अथवा केही कांट छांट गरेर मात्र लालमोहर बक्सने भएमा श्री ५ महाराजाधिराजले राजसभाको राय लिइबक्सन्छ। राजसभा भनेको श्री ५ महाराजाधिराज सरकारले गण्यमान्य व्यक्तिहरूको यौटा सभा बनाइबक्सेको हुन्छ। यस सभाले राजालाई सल्लाह चढाउंछ। राष्ट्रिय पंचायतले मौसूफ को स्वीकृतिको लागि चढाएको ऐनको मस्यौदा बारे पनि राजसभाले छलफल गरी राय चढाउंछ। सोही अनुसार श्री ५ महाराजाधिराज सरकारबाट राष्ट्रिय पंचायत-लाई सूचना पठाइबक्सन्छ। राष्ट्रिय पंचायतले सो कानूनको मस्यौदा माथि श्री ५ बाट पठाइबक्सेको सूचना उपर फेरि छलफल गर्छ। अनि मौसूफका हजूरमा आफ्नो राय चढाउंछ। श्री ५ महाराजाधिराजबाट अब भने आखिरी निर्णय बक्सन्छ। श्री ५ महाराजाधिराजबाट मस्यौदा कांट छांट गरी ऐन बनाउने या जस्तो मस्यौदा छ सोहीबमोजिमको ऐन बनाउने अथवा ऐन नै नबनाउने के कसो गर्ने हो श्री ५ बाट बक्सेको निर्णय अन्तिम हुन्छ।

यो त भयो राष्ट्रिय पंचायतले मस्यौदा चढाएपछि श्री ५ बाट गरिबक्सने निर्णयहरू। अब राष्ट्रिय पंचायतमा छलफल

भइसके पछि सो ऐनको मस्यौदा नै पास हुन नसकेमा के हुन्छ श्री ५ बाट त्यस मस्यौदालाई ऐन बनाउनै पर्ने देखिबक्स्यो भने राजसभाको राय लिएर त्यस मस्यौदालाई ऐन बनाउने स्वीकृति बक्सनेछ। यसो गर्दा श्री ५ को सरकारले राष्ट्रिय पंचायतले जस्तो मस्यौदा पठाएको छ त्यही रुपमा त्यसलाई ऐन बनाउने वा केही कांट छांट गरेर ऐन बनाउने सो कुराको सूचना श्री ५ बाट राष्ट्रिय पंचायतलाई बक्सन्छ। अनि राष्ट्रिय पंचायतले त्यस्तो सन्देशमाथि बिचार गरी राय चढाउंछ। अनि श्री ५ महाराजाधिराजबाट बिचार गरिबक्सेको राय-लाई अन्तिम निर्णय मानिन्छ।

यसरी माथि बयान गरे अनुसार तीनै अवस्थामा राष्ट्रिय-पंचायतमा मस्यौदाको छलफल भए पछि मात्र राजाबाट त्यसलाई एन बनाई बक्सन्छ।

राष्ट्रिय पंचायतका सबै सदस्यहरू स्वतन्त्र हुन्छन्। न सरकारी पक्ष न बिरोधि पक्ष अन्त संसद या पार्लियामेण्टमा भन बहुमत सरकारी पक्षको हुन्छ र अरू भने धेरै जस्तो बिरोधि हुन्छन्। हामो पंचायती व्यवस्थामा फाइदा के छ भने सबै सदस्य महानुभावहरूले राष्ट्रको समस्यामाथि बिचार गर्दा स्वतन्त्र रूपले गर्ने र देशको हितलाई नै सबै भन्दा ठूलो मानेर गर्छन। किनभने, यिनीहरू कुनै पार्टीका पनि हुंदैनन् र कुनै यसो उसो बिचार धारा मान्ने खालका हुंदैनन्।

अब सबै सदस्यहरूले एक एक गरेर प्रस्ताव राख्ने वा ऐन कानूनको मस्यौदा बारे छलफल गर्दा पंचायतको बातावरण

उति छिटो छरितो नहुने हुन्छ। त्यसैले पंचायतमा हुने कामकुराको चांजोपांजो मिलाउने र अध्यक्षलाई समेत सल्लाह दिने भनेर एउटा २१ जनाको निर्देशन समिति बनाएको हुन्छ। यही समितिले राष्ट्रिय पंचायतभित्र रही श्री ५ महाराजाधिराजका हजूरमा लालमोहरको लागि चढाउने ऐनको मस्यौदालाई राम्रो केलाएर हेर्ने काम गर्छ।

यो राष्ट्रिय निर्देशन समितिको बनोट यसरी हुन्छ: राष्ट्रिय पंचायतका अध्यक्ष र उपाध्यक्ष यसको पनि अध्यक्ष र उपाध्यक्ष हुन्छन्। अनि कानून मन्त्री, गृह मन्त्री र अर्थ मन्त्रिहरू व्यक्ति जो सुकै भए पनि उनीहरू बहाली रहेको हिसाबले यस समितिका सदस्य हुन्छन्। अरू बांकी सदस्यहरू भने राष्ट्रिय पंचायतले आफ्ना सदस्यहरू सबैको प्रतिनिधि आउने गरी चुनाव गर्छ।

राष्ट्रिय पंचायतका सदस्यहरूले पंचायत भवन भित्र छलफल गर्दा निष्फिक्री भएर बोले हुन्छ। कसैलाई बाधा पर्ला कि अथवा बाहिर रहंदा बस्दा नराम्रो पो पर्ने हो कि भन्ने चिन्ता लिनै पर्दैन। किन भने राष्ट्रिय पंचायतको सबै बैठकहरू गुप्त रूपले बस्दछन्। त्यस पंचायत भवनभित्र छलफल हुंदा पत्रकारहरू राखिएको हुंदैन र सदस्यहरूले पनि बाहिर आएरे यस्तो कुरा गर्‍यौं, उस्तो कुरा भयो इत्यादि केही बोल्न हुंदैन। यसरी छलफल गर्ने कुरा गुप्त राख्दा एउटा अर्को फाइदा पनि छ। त्यो के भने मैले यसो बोलेमा बाहिर खुब मान पाइन्छ भनेर कुनै पनि सदस्यले राष्ट्रिय पंचायत भित्र आफ्नो तारीफ गर्ने खालका कुरापट्टि मात्र ध्यान दिन्छन् कि भन्ने कुराको शंका

नै रहेन। अनि, परेका समस्याहरूको निस्वार्थ भावले बिचार पूर्वक छलफल हुन आउंछ।

पंचायतको तल्ला तहमा एउटा सभा र एउटा पंचायत रहेको पाइन्छ। सभाले छलफल गर्ने र पंचायतले काम गर्ने हुन्छ। त्यस्तै श्री ५ को सरकारको मंत्रिपरिषद्‌लाई काम गर्ने समिति र राष्ट्रिय पंचायतलाई सबै कुरा छलफल गर्ने पंचायत हो र यो मन्त्रिपरिषद् भनेको राष्ट्रिय पंचायतको पंचायत होइन यो मन्त्रिपरिषद् श्री ५ महाराजाधिराज प्रति जवाफ देही हुन्छ।

## ५. मन्त्रिपरिषद्

श्री ५ महाराजाधिराज मौसूफले स्वयम् राज्यको काम चलाइबक्सेको हुन्छ। अब यसरी राजकाज चलाइबक्सनको लागि एउटा मन्त्रिपरिषद् गठन गरिबक्सेको हुन्छ। यस मन्त्रिपरिषद्‌को अध्यक्षतामा श्री ५ स्वयम् राज होइबक्सने अथवा कुनै मन्त्रीलाई अध्यक्ष र अर्कोलाई उपाध्यक्ष घोषणा गरिबक्सनेछ। श्री ५ ले राष्ट्रिय पंचायतका सदस्यहरूबाट मन्त्री बनाइबक्सन्छ। तर ६ महीनासम्म पंचायत बाहिरका मानिसलाई पनि मन्त्री बनाइबक्से हुन्छ। मन्त्रीहरूले राजाले अह्राएको काम गर्नुपर्छ र राजा को जुनाफमा नै भए गरेको कामको बिबरण पेश गर्नुपर्छ। तर राष्ट्रिय पंचायतले पनि तीन खण्डको दुइ खण्ड सदस्यले कुनै मन्त्री प्रति आफ्नो बिश्वास छैन भनेमा श्री ५ बाट सो मन्त्रीलाई खारिज गरिबक्सेमा उ खोसुवा हुनेछ।

यसरी मन्त्रिपरिषद् समेतले पांच तह भई यस व्यवस्थालाई पंचायती व्यवस्था भनिन्छ।

## पंचायत-व्यवस्था बारे केही खास कुराहरू

पंचायत-व्यवस्था भनेको राजकाज राम्रो चलाउने एउटा व्यवस्था हो। अरू अरू व्यवस्थामा शक्ति हत्थ्याउन जो पनि तँ छाड् म छाड् गरिरहेको हुन्छ। यसरी पार्टीहरू घोर घमाशानसंग आफस आफसमा लडिरहेका हुन्छन्। देशलाई बनाउन पुरा कोशिश नहुने हुन्छ। पंचायत-व्यवस्थामा चांहि कुनै पार्टी नै नहुंदा शक्तिको लागि लड्ने कुरै उठ्दैन। अनि सबै मिलेर देश बनाउने काममा मात्र सबैको जोड पुग्ने भयो। काम कारबाई सबै पंचहरूको सर सल्लाह र राजिखुशीबाट हुन्छ। प्रजातन्त्रको लक्ष पनि यस्तै हुन्छ। यस व्यवस्थामा सबैको नेता राजा हुन्। त्यसैले सबैलाई बाटोदेखाउने अगुवा श्री ५ नै होइबक्सन्छ। यसो हुंदा नेपाली समाज सबै कुरा जान्ने उन्नति गरिरहेको हुन्छ। अहिले हामी नेपाली गरीब छौं। सबैतिर उन्नति गरी देशलाई अगाडि बढाउनु परेको छ। अनि शासन चलाउंदा सबैको राय लिएर मात्र चलाउनु पर्छ। यस पंचायती व्यवस्थामा यी दुवै कुरा राम्ररी परेका छन्। दुनियांमा नेपाल जस्तो उन्नति गर्न खोजेको अरू देशहरू पनि छन्। उनिहरूलाई समेत मिल्ने खालको हाम्रो यो पंचायती व्यवस्था छ। देशलाई सबै भन्दा छिटो अगाडि पुऱ्याउन सक्ने व्यवस्था यही नै हो।

## १. प्रजातांत्रिक व्यवस्था

अघि हामीले पंचायत व्यवस्थालाई प्रजातान्त्रिक व्यवस्था हो भन्यौं। अब प्रजातन्त्रका खास कुराहरू यसमा कसरी परेका छन् त्यो पनि नियालेर हेरौं। श्री ५ महाराजाधिराजबाट २०१७ साल पौष १ गते देखि पंचायत-व्यवस्था को शुरुआत भयो। तर ठीक दुइ वर्ष पछि अर्थात् २०१९ साल पौष १ गते यस व्यवस्था-लाई मिल्ने संबिधान बक्सियो। पंचायतलाई कानूनी रूप मिल्यो। त्यसै समय राजबाट हुकूम भयो, **"देशको शासन संचालन लोक सम्मतिको आधारमा होस् तथा जनतालाई शासन व्यवस्थाको सर्बाधिक मात्रामा सम्मिलित गराएर प्रजातन्त्र को वास्तबिक लक्ष पूरा गर्न सकियोस् भन्ने हाम्रो उद्देश्यको पूर्ति देशको माटोमा जरो हालेको, र देशकै हावापानीमा हुर्किन र बढ्न सक्ने पंचायती व्यवस्थाद्वारा मात्र सम्भव छ भन्ने देशले अनुभव गरेको छ।"** प्रजातन्त्रमा दुनियांको रायबाट राज्य चल्छ। तर पार्टी प्रजातन्त्रमा तपाई हामी सबैले आफैले नै शासन चलाएका छौं भन्ने अनुभव हुंदैन्थ्यो। फेरि पार्टी प्रजातन्त्र भनेको बाहिर अरू मुलुकहरू को देखाशिखी गरेको व्यवस्था हो । तर दुनियांको रायको राम्रो कदर हुने, प्रजातन्त्रको खराबी नहुने र त्यति मात्र नभई सबैले देशको उन्नतिमा शरीक हुन पाउने र यहीं नै हुर्काउन सकिने व्यवस्था चाहिं पंचायत नै भएकोले यसलाई हामीले लिनु परेको हो।

खास प्रजातन्त्र भन्दां पंचायत-व्यवस्था केही फरक छ। तर यस्तो फरक हुनाको कारण के हो त भने शासन फितलो पनि नहोस् र दुनियांको रायबमोजिम नै चलोस् भन्ने हो।

तपाईले खास चिनेको मानिसलाई नै यस पंचायत-व्यवस्थामा तपाई प्रतिनिधि रोज्नु हुन्छ। लगभग २५०० जनता भएको ठाउंलाई एउटा गाउं सभा भनिन्छ। त्यसमा पनि २१ वर्ष पुगी भोट खसाल्ने अधिकार पाएकाहरू चाहिं आधा मात्र हुन्छन् भनौ। अब भोट खसाल्ने जनता १२५० मात्र भए। यस्तो गाउंसभालाई ९ वार्डमा वाड्दा १ वडामा लगभग १४० जनता नै हुने भए। गाउं पंचायतको बिधी अनुसार जम्मा ९ प्रतिनिधि छान्ने भएकोले यसरी ९ वडामा बाडिएको हो आफ्नै घर गाउंका तपाई १४० जनताहरूले एउटा प्रतिनिधि छान्दा के उसको आदि अन्त्य नथाहापाई चुन्नुहोला त? त्यसैले पंचायती व्यवस्थामा साह्रै इमान्दार, काम गर्नसक्ने, समाजको सेवा गर्ने र तपाईहरूको खास प्रतिनिधि भन्न सुहाउने व्यक्तिलाई नै तपाईहरूले आफ्नो वडाको प्रतिनिधि रोजी गाउं पंचायतमा पठाउनु हुन्छ। राजाबाट पनि यो कुरालाई यसरी हुकूम भएको छ।

**"यस व्यवस्थामा जनताले कसैलाई आफ्नो प्रतिनिधि छान्दा उ कुनै राजनीतिक या सामाजिक दलको नेता हो भनेर होइन उ स्थानीय जान्ने, बुझ्ने, इमान्दार, ल्याकतदार र देश भक्तीको दलको नेता हो भनेर मात्र छान्न पाउने व्यवस्था भएको छ।"** अर्थात्, पंचायती व्यवस्थामा पार्टी हुंदैनन्। तर देश भक्तहरूको कमी हुंदैन। त्यसैले वडाका जनताले आफ्नो प्रतिनिधि छान्दा हेर्नुपर्ने कुरा के छ भने उ आफ्नो घर गाउंको मान्छे हो होइन, जान्ने बुझ्ने के कसो छ, इमान्दार र ल्याकतदार मात्र होइन देशभक्त छ छैन त्यो सबै राम्ररी हेर्नुपर्छ।

पहिले पार्टी प्रजातन्त्रमा कस्तो हुन्थ्यो भने चुनिने व्यक्तिलाई पनि भोट् खसाल्नेहरूले चिनेको हुंदैन थिए, चुनिसके पछि त त्यो व्यक्तिसंग उनीहरूको सम्बन्ध नै रहंदैन्थ्यो। अहिलेलाई आफले रोजेर पठाएको पंच आफ्नै गाउंघरमा बस्ने व्यक्ति भएकोले उसलाई रातदिन पाइने हुन्छ। फेरि उसले काम गरे नगरेको निरोपण पनि आफैले गर्न पाइने हुन्छ। किनभने, भए गरेका कामहरू आफ्नै गाउंघरमा हुन्छन्। कसैको लहैलहैमा लाग्न पर्दैन्। केही गरी आफूले रोजेको प्रतिनिधिले काम गर्नसकेन भने अर्कोलाई पठाउन पाइन्छ। यसरी छान्ने र छानिनेको राम्रो सम्बन्ध भए पछि प्रजातन्त्र फल्छ फुल्छ। यो पंचायती व्यवस्थामा मात्र गाउं वा नगर पंचायत, जिल्ला पंचायत, र अंचल पंचायतमा चुन्ने र चुनिनेको सोझो सम्बन्ध रहेको हुन्छ। जस्तो गाउं सभाका वडाहरूमा आफूले चिनेको जान्ने सुन्ने व्यक्तिलाई प्रतिनिधि रोज्छन् त्यस्तै जिल्ला सभामा गएर छलफल गर्दा फुर्तिफार्ति भएको, बुद्धिमान व्यक्तिलाई जिल्ला पंचायतमा चुन्छन्। अंचल सभामा भने अंचल पंचायतमा मात्र नभई राष्ट्रिय पंचायतमा समेत यसै गरी प्रतिनिधि छान्छन्। आफूले कुनै व्यक्तिको कामहरूको अनुभव भए पछि मात्र उसलाई प्रतिनिधि रोज्नु पाइने यस व्यवस्थामा भएकोले खास काम गर्नसक्ने व्यक्तिहरू नै चुनावमा आउने हुन्छन्। फेरि उनीहरूले गरेका कामको राम्रो नराम्रो प्रभाव पनि ती चुन्ने व्यक्तिहरूमा सोझै पर्ने भएकोले राम्रो काम गर्नसक्ने व्यक्ति नै यस व्यवस्थामा चुनिएर आउने हुन्छन्। पार्टी प्रजातन्त्रको जमानामा एउटा चुनाव क्षेत्रमा सालाखाला ४४,००० भोट

दिनेहरू हुन्थे। अनि यौटा पार्टीको कुनै पनि मानिसले आफू २–३ क्षेत्रबाट उठ्न पाउंथ्यो। त्यो भोट खसाल्ने व्यक्तिले चुनावमा खडा हुने व्यक्तिलाई चिन्दैन थिए। किनभने बाटो-घाटो पनि राम्रो नभएको र चुनाव क्षेत्र पनि ठूलो हुने हुनाले भोटको बाकस मात्र देखिन पाइन्थ्यो। चुनावमा खडा हुने व्यक्तिहरू पार्टीका मानिस हुन्थे। त्यस पार्टीले त्यो व्यक्तिको बारे को हो क्या हो सबै कुरा छपाई आफ्नो पार्टीले चुनाव जितेमा सरकारमा गई के के गर्ने हो त्यसको सबै बिबरण पनि छपाई आफ्नो घोषणा पत्र दुनियांलाई बाड्थे। तर शिक्षाको अभावले गर्दा यस्तो घोषणा पत्रको कुनै माने हुंदैन्थ्यो। सयकडा १ व्यक्तिले मात्र बुझेको पार्टिको नीति बारे अरू जनतालाई कुनै ज्ञान हुंदैन्थ्यो। यस्तो अवस्थामा भएका चुनावले देशलाई उंभो लगाउन नसक्ने र प्रजातन्त्रको पनि कुनै माने हुंदैन्थ्यो।

यसबाट थाह हुन्छ, पार्लियामेण्ट अर्थात् संसदमा चुनाव लडी आएका व्यक्ति जनताका खाश प्रतिनिधि हुंदैन्थे। किनभने जनताले नै चुनाव राम्रो गर्न सकेका हुंदैन्थे। यसरी चुनावमा आएका व्यक्तिले गरेको शासन बारे हेरौं। यिनीहरू केन्द्रमा आई पार्लियामेण्ट अर्थात् संसदको सदस्य भए पछि खालि छलफल मात्र गरिबस्थे। जुन जनताले यिनी-हरूलाई चुनि पठाए तिनीहरूको घरगाउंमा भने केन्द्रबाट खटी गएका कर्मचारीले शासन चलाउंथे। पंचायत व्यवस्थामा चाहिं चुनाव पनि जनताले राम्ररी भेउपाई गर्छन्, र चुनेका व्यक्तिहरूले नै हरेक तहमा राजकाज चलाउंछन्।

पंचायत व्यवस्था अहिले नै परिपूर्ण भइसकेको छैन्। तर यसको लक्ष साह्रै राम्रो छ। जनताले चुनेका प्रतिनिधिहरूलाई नै बिस्तारै हरेक तहको शासन भार सुम्पिने व्यवस्था भएको छ। जुन अघि पंचायत बारे बयान गर्दा भनिसक्यौं। जिल्लामा लागुहुने विकासका योजना सबै जिल्ला पंचायतकै रेखदेखमा चलाउनु पर्ने हुन्छ। त्यस्तै अंचलमा लागुहुने योजना अंचल पंचायतको मातहतमा चलाइन्छ। यी कुराहरू ऐनमा परेका छन्। यसरी योजनाहरू पंचायतले नै चलाउंदा श्री ५ को सरकारका सम्बन्धित विभागका कर्मचारीहरूलाई पनि पंचायतमा सरूवा गरिन्छ। २०२१ साल अघि शिक्षा, स्वास्थ्य, कृषि, सहकारी र वन विभागका जिल्लातहका कर्मचारीहरूलाई जिल्ला पंचायत मातहत राखिसकेको थियो। यी कर्मचारीहरूले पंचायतको निर्णयबमोजिम काम गर्नुपर्छ। पहिले पहिलेलाई कुनै खास काम गर्दा अर्थात् बिजुलीको स्टेशन बनाउनु पर्दा अथवा खेलकूद गर्ने ठाउं बनाउंदा पंचायतमा त्यसबारे खास तालीम गरेको व्यक्ति नहुंदा ती कर्मचारीहरूले आफ्ना आफ्ना विभागबाट मद्दत लिन्छन्। तर अरू कुरा भने पंचायतसंग नै सोध-साध गर्नु पर्ने हुन्छ। अब कर्मचारीको राज हुंदैन। कुनै पनि जिल्लामा आफूले रोजेर पठाएका प्रतिनिधिले नै त्यस जिल्लाको शासन चलाउंछन्। कर्मचारीले यसो गर्ने उसो गर्ने भनेर हुंदैन। फेरि शासन चलाउंदा जनताको रायको पनि राम्रो कदर हुने र तपाई हामी सबैले आफूले नै शासन गरेको अनुभव हुन्छ। संसदीय व्यवस्थामा चुनेर पठाइएका केही सदस्यहरूले पार्लियामेण्टमा छलफल गर्दा उनीहरूलाई

हामीले शासन गरेका छौं भन्ने भान पर्दो हो। तर पंचायतका लगभग १००० व्यक्तिहरू त पंचायत अर्थात् कार्यकारिणीका सदस्य भई काम गर्छन्। बांकी २१ बर्ष भन्दा माथिका प्रत्येक नागरिकले बर्षको २ पटक हुने गाउं सभाको छलफलमा भाग लिएर शासनमा ठोस् सहयोग गर्छन्। यस व्यवस्थामा सबै जनताले भित्री रूपमा होइन कि फुर्ति साथ अगाडि सरेर प्रत्यक्ष रूपमा शासनमा भाग लिन्छन्। यस सम्बन्धमा श्री ५ महाराजाधिराजबाट बक्सेको महान बाणी यस प्रकार छ:

**"पंचायती व्यवस्थाबाट शासनको प्रत्येक स्तरमा जनतालाई सम्मिलित गराएर तह तहमा अधिकारको प्रत्यायोजन गरी एउटा बिकेन्द्रित शासन पद्धतिको स्थापना हुनेछ। यस अन्तर्गत देश निर्माणको महान् अभिभारा पार्टी वा दल बिशेष माथि नभई जनसाधारण माथि नै पर्न जानेछ। फलस्वरूप देशमा एउटा जागरूक, चेतनायुक्त र आफ्नो उत्तर दायित्वको अनुभव गर्ने समाजको स्थापना हुनेछ।"**

पंचायतको चार तह हुन्छ। मन्त्रिपरिषद् समेत ५ तह छ। यी हरेक तहबाट शासन चल्छ। यी तहहरू सबैको आफ्नो आफ्नो अधिकारको क्षेत्र हुन्छ। यो हरेक तहमा जनतालाई नै शासनमा शरीक गराएर केन्द्रले मात्र चलाइरहेको शासनलाई यी सबै तहबाट चलाउने गराउंदा देशलाई बनाउने काम जनताको कांधमा नै पर्न आउंछ। अनि उनीहरू आफूमाथि परेर आए पछि जान्ने बुझ्ने हुन्छन्, आफूले गर्नुपर्ने कर्तव्यको ख्याल हुन्छ। अनि देशको उन्नतिमा संधै चाख लिने समाज बन्छ।

8237

यो व्यवस्था बारे कसै कसैले टिका टिप्पणी गरी भनेका छन् अरू अरू देशमा जिल्ला गाउंको शासन चलाउन त्यस ठाउंमा नै रहने गरी व्यवस्था भएको हुन्छ। यसलाई स्थानीय स्वशासन भन्छन्। तर देश भरिको सरकार चाहिं अरू कुनै खालको हुनसक्छ। त, हाम्रो पंचायत व्यवस्था चाहिं त्यही स्थानीय स्वशासन व्यवस्था सरह हो। खालि, चुनाव मात्र गुप्त रूपले हुन्छ स्थानीय स्वशासन व्यवस्थामा सोझै चुनाव हुन्छ भन्छन्। तर यसरी दाज्नु चाहिं सरासर गलत् हुन जान्छ। किनभने, हाम्रो पंचायती व्यवस्थाको कुनै पनि तह देशभरीको व्यवस्थाको एउटा गहकिलो अंग हो। पुरा व्यवस्थाको नै लेखाजोखा नगरी अंगको मात्र चर्चा गर्दा नमिल्ने हुन जान्छ। हुन त गाउं पंचायत जिल्ला पंचायतमा उक्लिने र जिल्ला पंचायत चाहिं अंचल पंचायतमा पुग्ने खुट्किला हो, तैपनि यिनै गाउं पंचायत र जिल्ला पंचायत तहको आफ्नो क्षेत्र विकास गर्ने आफ्नै कर्तव्य र अधिकार हुन्छ। त्यसै गरी अंचल पंचायतको पनि आफ्नो अंचलको खास कामहरू हुन्छन्। कुनै व्यक्ति पनि खुट्किला नाघेर माथि पुग्न सक्तैन। पहिले गाउं वा नगर पंचायतमा काम गर्नुपर्छ, अनि जिल्ला पंचायत, अंचल पंचायत र राष्ट्रिय पंचायतमा अर्को चुनाव नआए सम्म काम गर्नुपर्छ। यसरी गरेको कामको रेकर्ड हेरी मात्र उ मंत्रिपरिषद्मा समेत पुग्नसक्छ। पंचायतहरूले श्री ५ को सरकारको काम पनि आफ्ना आफ्ना क्षेत्रमा गर्छन्।

## २. देशलाई विकासमा लैजाने व्यवस्था :

पहिले पार्टी प्रजातन्त्रको बेलामा भएको व्यवस्था जनतालाई बुझ्न पनि गाह्रो परेको र त्यसलाई काममा ल्याउन पनि मुश्किल परेको थियो। त्यसैले गर्दा देशको स्वतन्त्रतालाई नै खतरा भएको थियो। फेरि अरू मुलुकले खूब परिश्रम गरी धेरै वर्ष लगाएर गरेको उन्नति हामीले त्यति नै बर्ष लगाएर आफ्नो देशमा उन्नति गर्न समय न भएकोले जति सक्यो चांडो देशमा उन्नति हुने खालको व्यवस्था देशले अंगाल्नु परेको हो। यस सम्बन्धमा श्री ५ महाराजाधिराजबाट हुकूम भएको छ।

**"देशको सार्वभौमिकताको रक्षा गर्ने तथा जनताले बुझ्न र उपयोग गर्नसक्ने प्रजातन्त्रको स्थापना गर्न अरूले सयौं बर्षमा हासिल गरेको प्रगति हामीले जति सक्यो चांडो हासिल गर्न जरूरी भएको···हामी सबै मिली २०१७ साल पौष १ गते पछि मुलुकमा पंचायती व्यवस्था शुरू भएको" आदि।**

कुनै पनि व्यवस्थाको विचार गर्दा देशमा चांडो उन्नति हुने हुन्छ कि हुँदैन सो कुराको उन्नति चांडो हुने र शासन पनि जनताको रायबाट चल्ने यी दुवै कुरा राम्ररी परेको हुनुपर्छ। यस व्यवस्थाद्वारा देशमा यत्रतत्र छरिरहेका सबै मानिसहरूको बलद्वारा देशको उन्नति गर्न साह्रै ठूलो मौका मिलेको छ। "जन बल नै हाम्रो सबभन्दा ठूलो सम्पत्ति हो" भन्ने आह्वान छ। यस व्यवस्थामा तपाई हामी सबैलाई बिशेष गरेर काम गर्ने मौका मिलेको छ। पंचायत व्यवस्थाको बनोट नै धेरै मानिसहरूलाई देश विकासको काममा लगाउने किसिमबाट भएको छ।

आर्को मुख्य कुरा के छ भने तपाईको गाउं जिल्लाको पढे लेखेको जान्ने मान्छे अबलाई काम खोज्न काठमाडौं धपिनु पर्दैन, पंचायत अघि कुरा अर्कै थियो। गाउंमा कसैले पढी लेखी जान्ने भयो भने उ काम खोज्न हिंडिहाल्थ्यो। तर केन्द्रमा उ जस्ता र उ भन्दा धेरै पढे लेखेका मानिसको कमि हुंदैन्थ्यो। जागिर खान पनि के कसो जानेको हो, कति पढेको हो बयान गर्नै पऱ्यो। शहरमा जागिर खान आएको त्यो गाउंको जान्ने सुन्ने मानिसको केही चल्दैन्थ्यो। अनि उ शहरमा यसै हल्लेर डेरा गरी अडिरहन्थ्यो। यसले गर्दा उसैको गाउं जिल्लालाई पनि खराबी र शहरमा पनि बेकामी भइरहनु पर्थ्यो। बरू गाउंमा नै आफूले जाने बुझेको कुनै काम गरी बसेको भए उसलाई पनि फाइदा र अरू गाउंलेलाई पनि असल हुंदो हो। यो कुरा न हुंदा त्यो व्यक्ति त देशको लागि बोझ मात्र हुने भयो। उसले गाउंमा काम नगरेको खास कारण एक फेर गाउंमा काम गरिसके पछि माथि केन्द्रमा त कहिले पनि पुग्न नपाईने हुनाले पनि हो। तर अहिले लागूभएको पंचायती व्यवस्थामा भने गाउं र नगर नै पहिले काम शुरू गर्ने ठाउं भएको र गाउं र नगरमा काम गरिसके पछि जिल्ला, अंचल र राष्ट्रको समेत काम गर्नलाई सोझै पाइने भएकोले जस्तो सुकै जान्ने व्यक्ति पनि आफ्नो गाउं जिल्ला छाडि अन्त नजाने हुन्छ। हुनत गाउं जिल्लाको काम त्यही ठाउंका व्यक्तिहरूले चलाउने गरी भएको व्यवस्था अर्थात् स्थानीय स्वशासनमा पनि गाउंकै जान्ने सुन्नेले काम गर्छन्। तर देशको नै काम चलाउन सक्तछु भनी आंट गरेका मानिसहरू भने यस्तो स्थानीय स्वशासनमा पनि

भाग लिंदैनन् । किनभने यस्तो व्यवस्थाबाट माथि जाने कुनै बाटो हुँदैन । त्यसैले पंचायती व्यवस्थामा चाहिं ठाउंमा सबै मानिसहरूमा गाउंमा भए गरेको कामहरू सब आफै मिली गर्नुपर्ने भएकोले ठूलो चाख पर्न जान्छ । यसरी बानी पर्दै गए पछि त्यस जिल्लाले उन्नति गर्न चांडो सकिहाल्छ । पहिले जस्तो भोट लिने बेलामा यसो गर्छु उसो गर्छु भनेर लियो पछि चुनावमा जिती सके पछि गाउंमा काम गर्नलाई सरकारी कर्मचारी खटायो । यसले गर्दा खास गाउंका बासिन्दा चाहिं यसै हात बांधि के कसो हुन लागेको हो भनी वाल्ल परी बसिरहनु पर्थ्यो । अब पंचायती व्यवस्थामा त्यसो नभई सारा गाउंका बासिन्दाले नै आफ्नो गाउंको साधारण काम र सरकारिया काम समेत गर्ने गरी पंचायत खडा भएकोले सब जना मिली गाउंको उन्नति गर्छन् । आफ्नो समस्याको हल पनि आफैले गर्ने र आफ्नो गाउँ जिल्लाको सारा काम पनि आफैले गर्छन् । श्री ५ बाट हुकूम पनि भएको छ :

**"यस व्यवस्थाले सम्पूर्ण जनताबाट सदैव, आज पाइआए झैं सजग रचनात्मक क्रियाशीलताको आशा गर्दछ ।"**

देश बनाउनलाई आफैले तरखर नगरी हुंदैन फेरि तपाई हामी सबैले काम गरे पछि देश अवश्य अगाडि बढ्छ भन्ने हामीमा बिश्वास हुनुपर्छ । सरकारले पनि जनतालाई बिश्वास होस् भन्ने हेतुले गाउं जिल्लामा हुने सबै काम ऐन द्वारा नै पंचायतलाई सुम्पिने भएको छ । बिश्वास भन्ने कुरा पनि काम गर्दै गए पछि भइहाल्छ । यसै सिलसिलामा श्री ५ बाट हुकूम भएको छ :

**"आफ्नो भरमा उभिने नेपालीको आकांक्षा आजको व्यवस्थामा प्रतिबिम्बित भएको छ।"**

पंचायतले पाएका अधिकारहरू मध्ये कर लगाउने अधिकार पनि छ। तर दुनियांलाई कर तिर्नु पर्दा त्यसरी उठेको पैसाबाट के कसो उन्नति हुने हो भन्ने कुराको राम्रो ज्ञान नभएमा कर तिर्न गाह्रो लाग्छ। तर पंचायतले उठाउने कर भने गाउं पंचायत कै सुधार र उन्नतिमा हुने भएकोले खुशी साथ दुनियांले यस्ता करहरू तिर्दछन्। पंचायत व्यवस्थामा देशको चांडो विकास गर्नको लागि चाहिने पैसा पनि यसरी खुरू खुरू उठाउन सकिन्छ।

निचोडमा हेर्ने हो भने पंचायतले दुनियांलाई आफ्नो देशको विकास आफैले गर्नुपर्छ भन्ने आंखा खुलाइदिन्छ, अनि आफ्ना गाउं घरमा जो सबभन्दा काम गर्नसक्ने खालको छ त्यसैलाई विकासको काममा लगाउंछ र अनि उन्नतिको लागि चाहिने सामलहरू जस्तो करबाट पैसा उठाउनु र अरू फेरि सरकारले अह्राएकोले गरेको भनेर होइन, गाउंघरका मानिसले नै यसो गर्दा हामीलाई फाइदा हुन्छ भन्ने खांचो सम्झि आफ्नै राय सल्लाहले गाउंको विकास गर्ने काम गर्छन्। उन्नति भनेर मात्र हुंदैन, कस्तो किसिमसंग विकासको काम गर्ने गराउने हो त्यस कुराको पनि ठूलो महत्व हुन्छ। पहिले बाटो काजको लागि बेठ बेगारी लगाउने चलन थियो। बाटो बन्नाले उन्नति त भयो, तर मानिस कसरी लाचार भई करबलले काम गर्नुपर्थ्यो। पंचायती व्यवस्थामा भने रैति दुनियांले इज्जत साथ देश विकासको काममा लाग्छन्। हामीले यसो गर्नुपर्छ भन्ने राम्ररी

बुझेर, कसैको कर बल वा डर धांकमा नपरी, आफ्नै इच्छा समाजलाई कसरी अगाडि बढाउने, आफ्नो आम्दानीको बाटो कसरी बढाउंदै लैजाने भनि सोच्ने र पंचायत बारे छलफल काम कारवाईको बढ्ता चाख लिंदै, देश निर्माणको बाटोमा लाग्न सकून्, भन्ने पंचायती व्यवस्थाको उद्देश्य हो। यसरी देशको लागि सोच्ने र चाख लिने बानी भयो भने उनीहरू योजना पनि आफूले बनाउन लाग्छन्। अनि योजनालाई काममा ल्याउंछन्। यसरी सबैले विकासको काममा तरखर गरेपछि देशमा उन्नति भई सबैलाई राम्रो हुन्छ। जनताको मनमा नै ज्ञान खुलेर, उनीहरू आफूले अगाडि सरी उन्नति गरे भने त्यो साच्चिकै उन्नति हुन्छ। र त्यसको दिगो पनि रहन्छ। राजाबाट यसरी हुकूम भएको छ।

**"जनता आफै सजग, सचेत र सक्रिय नभई जनताको कल्याण हुंदैन। यो प्रबल धारणा नै यस व्यवस्थाको प्राण हो।"**

## ३. आर्थिक र सामाजिक उन्नति गराउने पंचायती व्यवस्था

पंचायत भन्नाले राजकाज चलाउन बनेको एउटा व्यवस्था देखिने भए तापनि यसले समाजको उन्नति र देशलाई धनी बनाउने काममा पनि उत्तिकै जोड दिएको छ। श्री ५ महा-राजाधिराजले पंचायतको वर्णन गर्दा यसरी हुकूम भएको छ :

**"पंचायत पद्धतिले एक व्यापक आर्थिक, राजनीतिक र सामाजिक व्यवस्थालाई जनाउँछ।"**

देशका सबै नागरिकलाई जान्ने सुन्ने गराएर समाजलाई

अगाडि बढाउन समाजमा रहेका खराब प्रथा, चाल चलन र जातपातको भेदभावलाई नहटाई हुंदैन। फेरि मानिसहरूको आम्दानीको बाटो पनि बढाउनु पर्‍यो। त्यसैले पंचायत व्यवस्थामा श्री ५ महाराजाधिराजबाट नयां मुलुकी ऐन बक्स्यो। यसबाट देशमा उन्नति गर्न बाधा दिइरहेका खराब काइदा कानूनहरूको अन्त्य भएको छ। जातपातको भेदभाव छैन्। सार्किको छोरो पनि पछि लेखीपढी ठूलो जान्ने भएमा उसले देशको सेवा गरी उन्नति गर्न सक्नेछ। कानूनको दृष्टिमा सबै एकै छन्। अब सबै जना खुला दिलले राष्ट्र निर्माणको काममा लाग्न पाउने भए। यसलाई सामाजिक उन्नति भन्छन्। यो पंचायत व्यवस्थाले दिएको फाइदा हो।

देशमा सयकडा ९० मानिसहरू खेतिपातिमा लागेका छन् तर एक मुठी जमिन्दारहरूले गर्दा यिनीहरूको राम्रो अवस्था थिएन। जमीन खनजोत गरी वर्षभरी पसिना काढ्ने यिनै हुन्थे। तर उब्जनीको आधा भन्दा बढी अन्न जमीन्दारले धोक्र्याएर लैजान्थे। आफूले खान लाउन नपुग्ने भई जमीनबाट नै बढी अन्न उब्जाउने काममा यी किसानहरू कहिले पनि लाग्न पाउंदैन थे। यसले गर्दा यिनीहरूको हालत गरीबीको नै रहन्थ्यो। तर पंचायती व्यवस्था शुरू भए पछि २०१९ सालमा कृषि सम्बन्धी नयां ऐन लागू भयो। यसले गर्दा किसानहरूको हालत धेरै नै सुध्रिने र देशमा समेत उब्जनी बढ्न जाने भएको छ। यो ऐन द्वारा तल बताएअनुसार खेतिपातिमा किसानको सुधार भएको छ।

१. किसानलाई जोतको सुरक्षा। अर्थात् मोही पजनी

गर्न नपाइने भई किसानले आफ्नै जमीन जस्तो गरी दिलोज्यान लगाएर उब्जनी बढाउंछ।

२. बढी कुत तिर्न नपर्ने :

पहिले पहिले जति बढी अन्न उब्जाए पनि जमिन्दारको नै हुने भएकोले किसानले बढी नउब्जाउने भएकोले देशको नै हानी हुन्थ्यो अबलाई कुत ठेकिए पछि बढी उब्जनी किसानको नै हुन्छ।

३. उनीहरूलाई अनुचित प्रकारको ऋण र व्याजबाट मुक्त गर्ने :

खेती गर्न र चाड बाडको लागि धेरै पैसाको खांचो पर्ने भएकोले किसानहरूसंग साहूकारका पंजामा पर्थे। अबलाई व्याज पनि सयकडा १० भन्दा बढी तिर्न नपर्ने र सापटी पनि सरकारले नै दिने व्यवस्था भएको छ।

४. तालुकदारी, जमिन्दारी :

यो प्रथाहरू खारीज गरिएको छ।

५. जमीन नभएको अर्काको ज्याला खेतालामा काम गर्ने किसानलाई जमीन दिने व्यवस्था भएको छ।

यसरी किसानहरू माथि जुग जुग देखि चलिरहेको अन्याय खतम गरी, उनीहरूलाई सबै किसिमबाट राम्रो गरी कसैबाट थिचिमिचो नपारी उब्जनी बढी गर्नसक्ने पारेको छ। किसान हरूमा आफ्नै खुट्टामा उभिनसक्ने बिश्वास पैदाभएको छ। उनीहरू दिलोज्यान लगाएर खेतिपातिमा परिश्रम गरी रहेछन्। उब्जनी पनि अवश्य बढ्ता हुन्छ।

पंचायती व्यवस्थामा देशका ६० प्रतिशत किसानहरूको उन्नति भई देशको नै उन्नति भइरहेको छ।

शासनको काम र देश निर्माणको काम सबैको सहयोगबाट हुने गरिएको छ। अर्थात् पंचायत व्यवस्थाबाट मुख्य आधार नै सहयोगको भावना हो। देशमा सानातिना काम देखि लिएर ठूलो ठूला उद्योग धन्दा पनि सबैको सहयोगबाट सबैलाई फाइदा हुने किसिमसंग सहकारी संस्थाद्वारा होस् भन्ने यो पंचायती व्यवस्थाको नीति छ। यसो भएमा सबै जनतालाई नै आफूलाई फाइदा हुन्छ भन्ने ज्ञान भई, खुब जोडतोडले काम गर्छन्। सहकारी संस्था खोली आफ्नो आफ्नो घरलाई चाहिने सामल सुपथ मोलमा किन्न पाउंछन्। फेरि फाइदा भएमा सबैले बाडेर लिन पाउंछन्। यस्तै किसिमसंग अरू अरू उद्योगको लागि पनि सहकारी संस्थाहरूद्वारा शुरू गर्न सकिन्छ। पंचायतहरूले यसरी आमदानी बढाउने काम गरी रहेका छन्। सरकारले पनि एउटा सहकारी बैंक खडा गरेको छ। एउटा सहकारी बैंक ऐन २०१९ पनि लागू भएको छ। अब पंचायतहरूले खोलेका सहकारी संस्थाहरूलाई रूपियाँको जरूरत परेमा यो बैंकबाट सर सापटी र सहयोग पाउंछन्।

### ४. पार्टी नभएको प्रजातान्त्रिक व्यवस्था

पंचायती व्यवस्थामा कुनै राजनीतिक पार्टी वा दल हुंदैनन्। सारा देशका जनता नै एक पार्टी हुन्छन्। पंचायतको भिन्न भिन्न तह खास जनताले चाहेका मानिसहरू चुनिएर आउंछन् चुनाव सिद्धिई सके पछि पनि सबै जनता आपना

आफ्ना सभाहरूद्वारा देश बनाउने काममा तरखर गरेर सहयोग गर्छन्। गाउंघरको जान्ने मान्ने व्यक्ति आफ्न गाउं जिल्लाको सेवापट्टि लाग्छन्। जनताले नै काम गर्दा अनुभवी हुन्छन्। यी सबै कुराहरू पहिले बयान भइसक्यो। अब श्री ५ महाराजाधिराजले देशको शासन चलाउंदा नेपाल र नेपालीलाई ठूलो फाइदा गराउंछ उनीहरूको सबै किसिमसंग उन्नति गराउंदै जनता कै रायबमोजिम गर्ने पनि नीति बनाएको छ। यस्तो नीति अनुसार राम्रोसंग काम गर्नलाई पंचायती व्यवस्था नै सबैभन्दा काम लाग्ने देखिन्छ। किनभने पंचायत भनेको हाम्रो डांडा कांढा, गाउंघरमा अघि देखि चलिआएकोले सबैले राम्रो भेउ पाएका छन्। नेपाली जातिको विचार, बुद्धि, लक्षणसंग मिल्ने, गाउंघर बाटै शुरू हुने र सबैको सहयोग यस व्यबस्थाले पाई आफ्नो आफ्नो क्षेत्रको काम आफैले गर्न पाउने भएको यो पंचायत व्यवस्था नै सबैभन्दा राम्रो शासन व्यवस्था हामी नेपालीको लागि भएको छ।

अब समचै देशको हिसाबले यस व्यवस्था बारे विचार गरौं। मुख्य कुरा यस व्यवस्थामा कुनै पार्टी छैनन्। शासन चलाउनलाई पंचायतको हरेक तहमा, सबभन्दा काम दिन सक्ने, लायक र इमान्दार व्यक्तिलाई नै जनताले अगाडि सार्ने छन्। अब यी व्यक्तिहरूले पावरको लागि लडनु पर्दैन। नाहकमा आफ्नो समय बढी पावरदार हुनको लागि लगाएर देश सेवाको काममा भने आलेटाले गर्ने काम यिनीहरूले गर्नु पर्दैन। किनभने हामीहरूले देशको उन्नति गर्नलाई अब यस्तो खिचातानीमा समय खेर फाल्ने बेला छैन। देश साह्रै पछाडि

परिसकेको छ। राजनीतिक पार्टिहरू भएको बेलामा चांहि उ फलानो पार्टीको म फलानो पार्टीको भनि पावरमा आउनको लागि तछाड् मछाड् गर्दथे। फेरि पार्टी पार्टी भित्रनै आफू आफूमा रिस ईबी, जोडका तोड र झगडा नै चलिरहेन्थ्यो। जनताको यिनीहरूलाई ख्याल नै रहंदैन्थ्यो। देशवासी पनि यिनीहरू कै झगडामा ध्यान दिंदा आफ्नै समय यसै खेर फाल्दथे। अनि रैती दुनियांको जिन्दगीको पनि कुनै उन्नति हुंदैन्थ्यो। यी सबै कुरा पंचायत अघि हाम्रो देशमा मात्र होइन, राजनीतिक पार्टी भएका हाम्रो जस्तै उन्नति गर्न पर्ने अरू अरू देशहरूमा आजकाल पनि भइरहेकाले पार्टीले गर्दा देशमा उन्नति गर्न नमिल्ने हुन्छ। खास गरेर एशिया महाद्वीपका देशहरूमा आजकल भइरहेका घटनाले यी कुराको प्रमाण हुन्छ। देशमा राम्रो शासन ल्याउन इमान्दर, सबैको भलो चिताउने, असल काम गर्नसक्ने व्यक्तिहरूलाई शासन चलाउन दिनुपर्छ। पंचायती व्यवस्थामा यस्तै गरिएको छ। अनि त्यस्ता व्यक्तिहरूले पंचायतको हरेक तहमा बीस शासन चलाउने नीति बनाउंछन् र अनि राम्रोसंग शासन चल्छ। सिद्धान्तमा यसो हुन्छ भन्ने कुराले काम चल्ने होइन। व्यवहारमा मिल्ने र अलि पाको बुद्धिले मात्र देशलाई बनाउन सकिन्छ। फलानो देशमा यसरी शासन चल्छ र अर्को देशमा यो व्यवस्था छ भनेर मात्र आफ्नो देशको शासन चल्ने हुंदैन्। पंचायतको सबैभन्दा माथिल्ला तह राष्ट्रिय पंचायतको पहिलो सभा बस्दा श्री ५ महाराजाधिराजबाट पंचायती व्यवस्थाबारे यसरी हुकूम भएको थियो।

**"राष्ट्रको शक्ति, सम्पत्ति तथा श्रमलाई आपसी मतभद, द्वेष र संघर्षमा खेर जान नदिई संयुक्त जवफदेही र अबिभाज्य कर्त्तव्य परायणताबाट प्रेरित तथा संचालित भएर देश विकासको महान् अभियानलाई सबल र सफल तुल्याउने अभिप्रायले गठन भएको।"**

पार्टी पार्टीमा झगडा हुने कारण पावरमा आएको पार्टीले यसो गऱ्यो उसो गऱ्यो भनेर हुन्थ्यो। अब पंचायती व्यवस्थामा दल वा पार्टी नै नहुने र राय बाझ्ने मौकै आउंदैन। किनभने सबैको एउटै कर्तव्य र एक साथै सबैले गरे बिराएको भनी मानिने भएको छ। देश विकास नै सबैको लक्ष हो। त्यसैले पंचायती व्यवस्थाद्वारा देशमा कसैको पनि मिहनत खेर जान नदिई देशलाई उंभो लगाउने सबैको कर्तव्य राखिएको छ।

गाउं पंचायत यस व्यवस्थाको मुख्य आधार हो। यसलाई पंचायतको जग भने हुन्छ। यस तहमा चुनिने सदस्यहरू गाउं तहको काम कत्तिको गर्ने खालका छन् भन्ने हेरिन्छ। देशको शासन बारे ठूला ठूला कुराको ज्ञान ती व्यक्तिहरूमा छ छैन भन्ने हेरिरहनु पर्दैन। हाम्रो देशमा शिक्षा दीक्षाको पनि कमी छ। त्यसैले गाउंघरका मानिसहरू आफ्नै वरिपरिका काममा मात्र विशेष चाख लिने भई देशका ठूला ठूला कुराहरूमा कुनै चाख लिंदैनन्। यस अवस्थामा राजनीतिक दलहरूको कुनै जरूरत देखिंदैन। गाउं जिल्लामा गर्नुपर्ने कामहरू वा ठूला ठूला सिद्धान्तहरू छाट्नु पनि पर्दैन, न यस्ता कुराहरू देखाउनलाई राजनीतिक पार्टीहरूको दरकार नै देखिन्छ। अनि पंचायत व्यवस्थाको सबै तह नै गाउं पंचायतको जगमा खडा

हुने भएकोले यस पंचायत व्यवस्थाको कतै पनि राजनीतिक पार्टीको जरूरत देखिंदैन्। पंचायत व्यवस्था भनेको नै कुनै दल वा पार्टी नचाहिने व्यवस्था हो।

पंचायतको माथिल्ला तह राष्ट्रिय पंचायतमा सबै मिली एक साथ भई काम गर्छन्। यो फलानो पार्टीको गुट, त्यो अर्को पार्टीको गुट इत्यादि केही हुंदैन्। सबै सदस्य महानुभावहरूले स्वतन्त्र हिसाबले कसैको पक्षपात नगरी एक मात्र राष्ट्रको हितलाई ध्यानमा राखेर छलफल गरी के गर्ने हो सो निरोपण गर्छन्। फेरि, अखबारवाला वा अरू दर्शकबर्गहरू पंचायतको सभामा बस्न नपाउने गरी छलफल गुप्तरूपले गर्नु पर्ने कानून बनाइएको छ। यसैले गर्दा सभामा चाहिने जे सुकै बोले पनि पनि मेरो नाउंत अखबारमा छापिन्छ र अनि सबैको स्यावासी सजिलैसंग पाउन सक्छु भनि कसैले सोच्नु पर्ने भएन। किनभने पंचायतमा भए गरेको कुराहरू संक्षेपमा मात्र बाहिर आउने भई कसैको नाम हमेसी दिइंदैन। सभालाई गोप्य राख्दा अर्को फाइदा पनि छ। देशलाई हित हुने कुरा माथि छलफल गर्दा कुनै बर्ग बारे आलोचना गर्नु पर्दा सदस्यहरूले ती बर्ग रिसाउलान् कि भनि कुनै डर मान्नु पर्दैन। किनभने कसले के के बोले भन्ने कुरा त्यस्ता व्यक्तिहरूलाई थाहा हुंदैन। राष्ट्रिय पंचायतका सदस्यहरूले निर्धक्कसंग देशको हितलाई अगाडि राखेर छलफल गर्ने र भएको गरेको कुरामा निर्णय लिन सक्छन्। राष्ट्रिय पंचायत भित्र ठूलो सानो कोही हुंदैनन्। सभा भवन भित्र को अगाडि र को पछाडि बस्ने कुराको निर्णय जस जसको नाम पहिले शुरू हुने अक्षरबाट उठेको छ त्यो अगाडि र त्यसै

हिसाबले सबैलाई बस्ने बन्दोबस्त मिलाएको हुन्छ। एक साधारण सदस्य र मन्त्रीमा कुनै फरक रहंदैन। सबै कांधमा कांध मिलाएर बसेका हुन्छन्। अरू देशको संसद भवनमा चुनाव जितेर आएको पार्टीले सरकार बनाउने हुनाले यिनीहरू सरकारी पक्ष भई भिन्नै बस्छन्। मन्त्रीहरू अलग्ग बस्छन्। अनि सरकार बनाउन नपाएका पार्टीहरू विरोधी पार्टी भई बेग्लै बस्छन्। बहस् गर्दाखेरी पनि त्यस संसदभित्र भएको कुरा र छलफलको ख्याल राखी गर्दैनन्। आफ्ना आफ्ना पार्टिले के बोल्नु छ त्यही कुराको ढिपी गरेर नै समय बिताउंछन्। संसद भवन भित्र यसरी भिन्न भिन्न पार्टीले अह्राएर बोलेको कुरा सुन्न भयो भने बनाएर कुरा गरेको जस्तो देखिन्छ। तर पंचायत सभा-भवनभित्र भने सबै एकनाश बस्ने र एउटै पार्टी भई देशको असल कसरी हुन्छ सो कुराको सबैले खुला दिलले छलफल गर्ने र सबैको एउटै राय भई निर्णय हुंदा सारा देशलाई नै फाइदा हुनजान्छ। अनि राष्ट्रिय एकता आउंछ। सच्चाईको आधारमा सबैले एकले अर्कोलाई सहयोग गर्छन्। मन्त्रीले राष्ट्रिय पंचायतमा कुनै कुराको प्रस्ताव राख्नु भयो भने सबै सदस्यहरूले खुला दिलले विचार गरी राष्ट्रको हित हुन्छ हुंदैन भन्ने हेरेर मात्र त्यस प्रस्तावलाई पास गर्ने नगर्ने अथवा केही कांट छांट गरेर पास गर्ने हो कि त्यसको निर्णय गर्छन्। सबै सदस्यको देशलाई कसरी अगाडि लैजाने भन्ने एउटै लक्ष हुन्छ। यसले गर्दा सबैको मनमा राष्ट्रको हित कसरी गरौं भन्ने परिरहन्छ।

**५. यस पंचायती व्यवस्थामा रैति दूनियांको खास हक र कर्तव्य-हरू कसरी परेका छन् :**

पंचायत व्यवस्थामा कुनै पार्टी हुंदैन। अर्थात् यो कुनै दल नभएको व्यवस्था हो पंचायत व्यवस्था प्रजातान्त्रिक व्यवस्था हो। जनताका केही खास हकहरू हुन्छन् र केही उनीहरूले देशप्रति गर्नुपर्ने कर्तव्य हुन्छ। यसलाई मौलिक अधिकार र कर्तव्य भन्छन्। प्रजातन्त्रमा यी अधिकार र कर्तव्य जनताले पाएका हुन्छन्। तर पंचायत प्रजातन्त्रमा चाहिं दुनियांले आफ्ना हक र कर्तव्यको बढ्ता भोग गर्न पाउंछन्। आफ्नो बिचारलाई भाषणद्वारा अथवा लेखद्वारा प्रकट गर्न पाउनु बाक् र प्रकाशन स्वतन्त्रता भनिन्छ। यो एउटा मौलिक अधिकार हो। त्यस्तै शान्तिपूर्ण तरीकाले भेला हुन पाउनु अर्को अधिकार हो। ऐन कानून सबैलाई एउटै हुनुपर्छ, यो पनि एउटा अधिकार हो। पंचायती व्यवस्था पछि नेपालको संबिधानमा यी सबै अधिकारहरूको व्याख्या भएको छ र ती जनताले भोग गर्न पाउने गरिएको छ। जनताले आफ्नो अधिकारको भोग गरेरमात्र देशको लागि केही असल गर्न सकेनन् भने त्यसको केही माने हुंदैन। त्यसैले पंचायती व्यवस्थामा भोग्न पाइने अधिकारबाट उनीहरूले आफ्नो जेहेन बढाई केही असल काम समेत गर्न सक्ने गरेको छ। यसबाट थाह हुन्छ जनतालाई आफ्नो अधिकारको उचित भोग गर्न प्रशस्त दिइएको छ। राम्रो बाटोमा लागे उनीहरूले जान्ने सुन्ने भई देशलाई समेत फाइदा हुन्छ। नत्र, बाक् स्वतन्त्रता छ भन्दैमा अर्कालाई जथाभावी गाली गर्ने वा सरकारले गरेका

कामको राम्रो नबुझी यसो त्यसो भन्ने गर्नलाग्यो भने सबैलाई नराम्रो पर्नजान्छ। देशको खति हुन्छ। त्यसैले आफूले पाएका अधिकारहरूको भोग राम्रो तरीकाले अरूलाई कुनै अप्ठ्यारो नपर्ने गरी गर्नुपर्छ। यस विषयमा श्री ५ बाट हुकूम भएको छ।

**"पुनीत मौलिक हक को भावना देश भित्रका जनताका चेतनाबाट उत्पन्न हुनुपर्दछ। बर्तमान व्यवस्था नेपालको इतिहासको मांगले ल्याएको कुरा हो। संबिधानमा प्रदान गरिएका सबै मौलिक हकहरूको व्यवहारिक रूपमा प्रत्येक नेपालीले उपभोग गर्न पाओस् भन्ने हेतुले नै बर्तमान व्यवस्थाको आवश्यकता भएको हो। राजनीतिक, सामाजिक तथा कानूनी सबै अधिकारहरूको सन्तुलनका साथै परिशीलन गरेमा मात्रै यी हकहरूको वास्तबिक उपभोग हुन सक्दछ। एक थरिका व्यक्तिहरूले मौलिक हकको उपभोग गर्दा अर्को थरिका व्यक्तिको मौलिक हकको र कर्तव्यको घनिष्ट सम्बन्ध छ भन्ने कुरा पूर्णतया महसूस नगरिकन मौलिक अधिकारको सच्चा उपभोग हुन सक्दैन।"**

तपाई हामीले भोग गर्न पाउने अधिकारहरूको हामीलाई नै अन्दाज नभएसम्म अर्काले खोजिदिएर यी अधिकार-हरूको हामीले खास भोग गर्न पाउंदैनौं। भन्ने कुरा राजाको हुकूमबाट छर्लङ्ग हुन्छ। पंचायती व्यवस्थामा सबै जनता मिली राजकाजको काम गर्ने भएकोले हामी बानी पर्दै गएर व्यवहारमा नै आफ्ना हकहरूको भोग गर्न पाउंछौ। कानून नसुधारी समाज सुध्रिने होइन। त्यस्तै राजनीतिक

हक पाएर मात्र हामीले सबै हकको राम्रो भोग गर्न पाउंदैनौं। त्यसैले पंचायती व्यवस्थामा हाम्रा दुर्गुणहरू एकै साथ बढारिएर गई हाम्रो समाजको सुधार, कानूनको सुधार र देशको राजकाजको समेत उन्नति हुने भएकोले आफ्ना मौलिक अधिकारहरूको राम्रो भोग गर्नपाइन्छ। पहिले पार्टी प्रजातन्त्रको पालामा मौलिक हकको भोग गरेको भनि जथाभावी भाषण गर्ने गरेकाले अरू धेरैलाई त्यसको मर्का पर्न जान्थ्यो। त्यसैले मौलिक हक भनेको सबैले उत्तिकै भोग गर्न पाउनु पर्छ। यो कुरा पंचायत व्यवस्थामा खुलेको छ। यसरी अधिकारहरू बारे सबै बोध भएपछि, आफ्ना कर्तव्यको पनि राम्रो ख्याल गर्नुपर्छ।

जनताले आफ्नो हक अवश्य भोग्न पाउनुपर्छ। त्यस्तो भए पछि मात्र उनीहरूलाई आफूले गर्नुपर्ने कर्तव्यको ज्ञान हुन्छ। पंचायती व्यवस्थामा उनीहरूको नै देश बनाउने कर्तव्य हुन्छ। यस व्यवस्थामा कुनै व्यक्तिले मात्र देशलाई बनाउने भन्ने हुंदैन्। के युवक, के किसान, के कर्मचारी, सबैको देशलाई उंभो लैजाने कर्तव्य छ। त्यसैले, चैत्र ४ गते २०१९ मा श्री ५ महाराजाधिराजबाट नेपाल युवक संगठनको सभामा यसरी हुकूम भयो, **"बिभिन्न क्षेत्रमा छरिएको युबाशक्तिलाई यसरी एकै ठाउंमा भेला गर्दा देशलाई बढी लाभ हुने महसूस गरी यस किसिमले भेला हुने व्यवस्था गरिएको हो। दल बिहीन पंचायत-व्यवस्थामा पनि बेला बेलामा एक ठाउंमा भेला भई बिशुद्ध प्रजातान्त्रिक बातावरणमा देशका बिभिन्न समस्याहरूमा छलफल हुन अत्यन्त आबश्यक पर्दछ।"**

पंचायत व्यवस्थाले सबै मानिसहरूलाई आफ्ना हक

अधिकार बारे जान्ने सुन्ने गराई त्यसको राम्रो भोग गर्न सकून् भनि सबैको मौलिक हकलाई संविधानमा खुलाएर जोगाएको छ। साथै अधिकार पाए अनुसार गर्नुपर्ने कर्तव्यको पनि राम्रो ज्ञान होओस् भन्ने हेतुले मौलिक कर्तव्य पनि संबिधानमा प्रष्ट गरी खुलाएको छ।

## ६. बाहिर मुलुकको स्थिति हेर्दा हाम्रो देशमा मिल्ने पंचायती व्यवस्था

आजको संसार दुइ ठूला देशहरूको पछाडि हिंडेको छ। अमेरिका ठूलो र बलियो छ भने रसिया पनि उत्तिकै छ। संसारका अरू मुलुकहरूमा अमेरिका या रसियाको पछाडि लागेका छन्। नेपालको नीति के छ भने यी दुवैको पछाडि न लाग्ने। आफ्न बाटोमा हिंडी आफ्नो देशलाई धनिमानि र बलियो बनाउने नेपालको नीति छ। फेरि नेपालले कसैसंग दुश्मनी पनि गर्दैन्। संसारका सबै मुलुकहरूसंग आफ्नो मित्रता राख्न चाहन्छ। यसो गर्दा संसारमा झै झगडा नबढी शान्ति आउंछ। भन्ने हामीले बिश्वास गरेका छौं। यस्तो नीतिलाई ठीक तरीकाले काममा ल्याउन नेपाल भित्रको शासन व्यवस्था पनि आफ्नै खालको यही माटोमा मिल्ने चाहियो। हिन्दुस्थानमा पार्लियामेण्ट अर्थात् संसद व्यवस्थाबाट शासन चलेको छ। उता चीनमा साम्यबाद अर्थात् सबै राज्यले नै गर्ने गरी कम्यूनिष्ट पार्टीको शासन छ। यस अवस्थामा नेपालमा पंचायत व्यवस्था यी दुवैमा नमिल्ने गरी चलाएको साह्है नै बुद्धिमानी भएको छ। नत्र भने हामी या दक्षिणका

छिमेकी भारतको छांटबाट चल्थ्यौं, या उत्तरका छिमेकी चीनको जस्तो हुंदो हो। त्यस अवस्था दुवैलाई खुशी राख्न मिल्ने थिएन। पंचायत भनेको हाम्रो पुर्खाहरूले चलाइआएको संस्था हो। यो अवस्थाहरू देशमा भएको शासनसंग नमिल्ने खालको छ। फेरि हाम्रो देशको बनोट नै जमीनले घेरिई बनेको छ। एकातिर भारत र अर्कोतिर चीन। यो सबै कुराको राम्रो बिचार पुऱ्याएर मात्र यस पंचायती व्यवस्था शुरू गरिएको हो। श्री ५ बाट यसरी हुकूम भएको छ :

**"आजको सकल अन्तर्राष्ट्रिय बातावरण, हाम्रो बिशेष भौगोलिक स्थिति, हाम्रो सांस्कृतिक परम्परा र हाम्रो मानसिक संस्कारले हामी राजनीतिक दर्शन तथा बिचारलाई प्रभावित गरेको छ। पंचायत-व्यवस्था संसदीय प्रजातन्त्रबाद र साध्यबाद वा अन्य कुन बादको व्यवस्था भन्दा भिन्न छ। यसको आधार देशको आवश्यकता, आकांक्षा र संस्कृतिमा रहेको छ र यसको आफ्नै छुट्टै व्यक्तित्व छ र यस व्यवस्थाद्वारा मात्र नेपालले आफ्नो परराष्ट्र नीति बास्तवमा सफल पार्न सक्दछ।"**

## ७. राजमुकुटबाट संरक्षण र नेतृत्व

पंचायती व्यवस्थामा पार्टी हुंदैनन्। यसलाई जगेर्ना गर्न, हुर्काउन र बढाउन राजाको रेखदेख चाहिन्छ। अर्थात् राज संस्थाबाट मात्र यो पंचायती व्यवस्थालाई गुटबन्दीबाट बचाउन सकिन्छ। राजालाई पंचायतको जरूरत छ त्यस्तै पंचायतलाई राजाको आशीर्वाद नभई हुंदैन्। दल वा पार्टीले

चलाउने राजनीतिको अर्कै रूप हुन्छ। त्यसमा एक एक गुट हुन्छ। यो फलाना नेताको गुट यो अर्को नेताको गुट भन्ने हुन्छ। रिसईबी हुन्छ। फेरि पावरमा आउन तछाड् मछाड् गर्छन्। त्यसले गर्दा देशलाई ठूलो नोक्सानी पर्ने भई खतरा समेत आई पर्न हुन्थ्यो। तर राजाले यी सबै कुरा हटाएर सबैलाई आफ्ना आफ्ना चालमा काइदासाथ राखी, देशमा एकता र देशलाई नै बलियो पार्ने गरी यो पंचायती व्यवस्था द्वारा देशको ठूलो उद्धार गरिबक्सेको छ।

पहिले पहिले प्रजातन्त्र छंदा बढ्ता भोट लिन सकियो भने मन्त्री हुन पाइन्छ भन्ने सबैले बुझेकाले अब यसरी भए पनि भोट लिनको लागि काम गर्थे। आफ्नै पार्टीको सरकार भए पनि आफूले राम्ररी गुटबन्दी गरी आफ्नै पार्टीका बिरूद्ध कुरा गरेर भए पनि प्रधान मन्त्रीलाई तर्साउन सके उ मन्त्री बन्न सक्थ्यो। यसो हुंदा जो पनि गुटबन्दीमा लाग्ने र षडयन्त्र गर्ने भई देशलाई ठूलो हानी पुग्द्थ्यो। सबैको ध्येय पहिले शक्ति हत्थ्याउं अनि यी जनताको सेवा गरौला भन्ने थियो। अब पंचायती व्यवस्थामा चाहिं काम गर्न सक्ने, लायक र इमान्दार व्यक्तिमात्र राष्ट्रिय पंचायतसम्म चुनाव लडेर पुग्नसक्छ। तर मन्त्रिपरिषद्मा चाहिं पुग्छ नै भन्न सकिंदैन। तर राम्रो हिसाबले पहिले देखि नै योग्यता देखाई कसैले सेवा गर्दै आएको छ भने शायद त्यस्तो मानिसलाई श्री ५ ले मन्त्रिपरिषद्मा लागिबक्सनेछ। यसबाट गुटबन्दीको नाश हुने र आफस् आफस्मा रिसराग गरी देशलाई नोक्शान हुने कुरा हट्न गएको छ। नत्र भने हाम्रो देशमा पनि सरकारलाई

बल जफ्ती खतम गर्ने काम हुन सक्थ्यो होला। जस्तो एशियाको दक्षिण पूर्वका देशहरूमा, अफ्रिका र दक्षिण अमेरिकाका धेरै देशहरूमा एक थरिले आज सरकार पल्टाए भने तिनैलाई फौज उठेर फेरि खतम पार्‍यो भन्ने सुनिन्छ। पंचायत व्यवस्था द्वारा हाम्रो देशमा अब त्यस्तो अबस्था आउनेछैन्। श्री ५ बाट हुकूम भएको छ :

**"हाम्रो जस्तो गरीब र अशिक्षित देशमा संसदीय प्रजातन्त्रले पहिले शक्तिहत्याऊं अनि जनताको सेवा गरौंला भन्ने भावनालाई प्रोत्साहन दिएकोले अनेक किसिमका धांधली भयो, जनबल र राष्ट्रिय धनको बेहिसाबसंग बरबादी बढ्दै गयो र मुलुक अगाडि बढ्न्को सट्टा पछाडि पर्न लाग्यो। एवं अर्कामा भर पर्ने बानी बढ्दै देशको अस्तित्व समेत मेटिन जाने सम्भावना चर्को भयो। अहिलेको पंचायती व्यवस्थामा त्यो ठाउं राखिएन तर पहिले सेवा गर अनि स्वभावतः शक्ति पाइन्छ र आफै उभिने गर भन्ने सिद्धान्तलाई फुक्का भई खेल्न दिइएको छ।"**

राजालाई आफ्नो शक्ति चलाउन कसैको भर पर्नु पर्दैन। राजा भन्ने हामीबाट कहिले पनि नछुटने एउटा संस्था हो। लोभ लालच राजालाई केही हुंदैन्। राजाको आफ्नो स्वार्थ पनि केही हुंदैन्। फेरि राजाले कसैका पक्ष वा विपक्ष लागेको पनि हुंदैन्। राजालाई त खालि एउटै चिन्ता हुन्छ त्यो हो देशको कसरी उन्नति गर्ने। यो चिन्ता अटुट रहन्छ। अब राष्ट्रिय पंचायतसम्म चुनिएर आएका काम गर्नसक्ने व्यक्तिलाई उसको सेवा कस्तो छ हेरी राजले मन्त्री बनाइबक्सन्छ। यसरी बिनास्वार्थले देशको शासन चलाउन असल मानिसलाई नै

कसरी हित हुन्छ र उनीहरूको कस्तो इच्छा छ। त्यसको समेत ख्याल गरी श्री ५ महाराजाधिराजबाट राज्य गरिबक्सन्छ। ठाउँ हुकूम नचलाई मन्त्रिपरिषद्, न्यायालय र राष्ट्रिय पंचायत द्वारा नै राष्ट्रको काम चलाइबक्सन्छ। राष्ट्रिय पंचायत भने देशको आम्दानी खर्चको लेखाजोखा गर्ने रूल नियम, ऐन कानून बनाउंछ। मन्त्रिपरिषद्ले ती सबै कुराहरू काममा ल्याउछन् र न्यायालयले भए गरेको कामहरू कानूनबमोजिम छ छैन् सो कुरा हेर्छ। न्याय निसाफ गर्छ। यसरी श्री ५ महाराजाधिराजले राज्यको काम चलाइबक्सन्छ।

पंचायत व्यवस्थाले श्री ५ को हेरचाह पाएर दिनका दिन बलियो हुंदै गएको छ। मानिसहरूमा हामीले पनि अब केही गर्नु पर्‍यो भन्ने भावना बढ्दै गइरहेछ। हरेक मानिसमा यस्तो भावना पाइन्छ। पहिले यस्तो कसैलाई थाह थिएन। हामीले नै देशलाई अगाडि लैजान सक्छौं हामीले अब कसैको मुख हेरिरहनु पर्दैन् भन्ने सबैले बिश्वास गरेका छन्। अब भविष्यमा नेपाल र नेपाली जातिको नै साह्रै राम्रो हुने देखिन्छ। देशका जनताले के चाहेका छन् र त्यो कसरी पुरा गर्न सकिन्छ त्यो पंचायती व्यवस्थामा सफल हुंदै गइरहेको छ। पंचायती व्यवस्था तपाईं हामी सबैको आफ्नै व्यवस्था हो। अर्थात् यो नेपालको इतिहासमा धेरै अघिको व्यवस्था हो। तर पंचायत व्यवस्था उप्रान्त मानिसहरूले साच्चैनै प्रजातन्त्र पाएका देशलाई बनाउनु पर्छ भन्ने सबैलाई परेको छ।

8237

समाप्त